मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




● वर्ष १ ● अंक ३०४ ● २०८० साल भदौ २७ गते बुधबार ● Wednesday 13, September 2023 ● सूर्योदय: बिहान ५:४९ बजे ● सूर्यास्त: साँझ ६:१२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## प्रदेश सांसद यादवको निधन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशसभा सदस्य एवं जनता समाजवादी पार्टी (जसपा) नेपालकी केन्द्रीय सदस्य विन्दु कुमारी यादवको निधन भएको छ । पाठेघरमा क्यान्सर भएर उपचारको क्रममा सांसद यादवको मंगलबार बिहान ४४ वर्षकै उमेरमा निधन भएको हो ।
पाठेघरको मुखमा क्यान्सर भएको थाहा पाएपछि दिल्ली लगायत विभिन्न अस्पतालमा उपचार गराउँदा पनि सुधार भएको थिएन । उनलाई करिब एक महिनादेखि जनकपुरधामस्थित प्रादेशिक अस्पतालको आइसियुमा राखेर उपचार गराइरहेकै अवस्थामा मंगलबार बिहान करिब साढे ८ बजे निधन भएको अस्पतालका निर्देशक डा. रामनरेश पण्डितले जानकारी दिए ।
अस्पतालबाट पार्टीको प्रदेश कार्यालयमा केहीबेर यादवको शव राखेर नेता तथा कार्यकर्ताहरुले श्रद्धाञ्जली अर्पण गरेपछि मंगलबारै स्वर्गद्वारमा अन्त्येष्टी गरिएको छ ।
मधेश आन्दोलनबाट राजनीतिमा स्थापित भएकी विन्दु यादव जनता समाजवादी पार्टीको कोटामा समानुपातिक सूचिबाट प्रदेशसभा सदस्य चयन भएकी थिइन् । विभिन्न चरणमा भएको मधेश आन्दोलनमा महिला परिचालनका लागि अग्रमोर्चामा देखिने उनको साहस र लगनशिलतालाई मूल्यांकन गरेर पार्टीले प्रदेश सांसदको जिम्मेवारी दिइएको जसपा नेता दिनेश यादवले बताए ।

**यादवको निधनले जसपाको ठूलो क्षतिः मुख्यमन्त्री**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशसभा सदस्य विन्दु कुमारी यादवको निधनले पार्टीलाई ठूलो क्षति भएको बताएका छन् । पार्टीका लागि असल सिपाही र सरल स्वभावकी प्रदेशसभा सदस्य यादवले मधेश आन्दोलनमा पुर्याएको योगदानको चर्चा गर्दै मुख्यमन्त्री यादवले भने, 'नेपालमा मधेशी जनताको न्यायपुर्ण र सम्मानजनक स्थान हुनुपर्ने मान्यताका लागि उहाँले निरन्तर गर्दै आउनुभएको संघर्ष अविष्मरणीय छ ।' उनले थपे, 'उनको निधनले मधेशले एक जुझारु नेतृ गुमाएको छ भने पार्टीले एक निष्ठावान् कार्यकर्ता गुमाउनु परेको छ । यस दुःखद् घडीमा उहाँप्रति श्रद्धासुमन अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।'
मधेश सरकारका अर्थमन्त्री संजय कुमार यादवले प्रदेशसभा सदस्य यादवको निधन दुःखद् भएको स्मरण गर्दै मधेशले एक क्रान्तिकारी महिला र पहिचानवादी अधिकारको लडाईमा सुरुदेखि नै अग्रणी भुमिकामा कुशल क्रान्तिकारी नेतृ गुमाउँदा मधेशलाई अतुलनीय क्षति भएको बताएका छन् । मधेश प्रदेश सरकारका प्रवक्तासमेत रहेका अर्थमन्त्री यादवले भने, 'उहाँको देहावसानले मधेशलाई अकल्पनीय र अपुरणीय क्षति भएको छ । पहिचानवादी अधिकारको लडाँईमा सुरुदेखि नै अग्रणी भूमिकामा रहनुभएका उहाँको यो योगदान कहिल्यै बिर्सन सकिदैन ।'त्यसैगरी जसपा नेपाल मधेश प्रदेशका अध्यक्ष रामबाबु कुमार यादवले प्रदेशसभा सदस्य यादवको निधनले स्तब्ध बनाएको बताए । उनले भने, 'माननीय विन्दु यादवको निधनले सिँगो पार्टी मर्माहित छ, उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु ।'

## नेम्बाङको शोकमा भोली विदा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभाले संविधानसभा अध्यक्ष तथा सांसद सुवासचन्द्र नेम्वाङप्रति बिहीबार शोक व्यक्त गर्ने भएको छ । प्रतिनिधिसभाको बुधबारका लागि पहिल्यै तय भइसकेको बैठक स्थगित गरी बिहीबार नेम्वाङप्रति शोक व्यक्त गर्न बोलाइएको छ ।
सभामुख देवराज घिमिरेको निर्देशनमा संघीय संसद् सचिवालयका महासचिव भरतराज गौतमले मंगलबार विज्ञप्ति जारी गरी बुधबारको बैठक स्थगितबारे सूचना जारी गर्दै बिहीबार शोक व्यक्त गर्न बोलाइएको जनाए ।
'संविधानसभा अध्यक्ष, पूर्वसभामुख एवं वर्तमान प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्वाङको असामयिक निधन भएको कारण भदौ २७ गते १ बजे बस्ने गरी तय भएको प्रतिनिधिसभाको बैठक उक्त मिति र समयमा बस्न नसक्ने भएको छ,' सूचनामा भनिएको छ, 'शोक प्रस्ताव प्रयोजनको लागि सभाको बैठक भदौ २८ गते बिहीबार दिनको ३ बजे बस्ने गरी निर्धारण भएको छ ।'
मंगलबार बिहान निधन भएको नेम्वाङको पार्थिव शरीर एमाले पार्टी कार्यालयमा राखिएको छ । बिहीबार राजकीय सम्मानका साथ अन्त्येष्टी गरिने र सोही दिन उनको शोकमा एक दिनका लागि सरकारले विदा दिने निर्णय गरेको छ । मंगलबार बिहान बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले नेम्वाङको राजकीय सम्मानका साथ अन्त्येष्टि गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले प्रेस विज्ञप्ती मार्फत जनाएकी छिन् ।
संविधान निर्माण प्रक्रियामा नेम्वाङले खेलेको उच्च भूमिकालाई कदर गर्दै राजकीय सम्मान दिने निर्णय भएको मन्त्री मन्त्री शर्माले जानकारी दिइन् । त्यस्तै नेम्वाङको अन्त्येष्टि हुने दिन सार्वजनिक बिदा दिने निर्णय पनि भएको उनले बताइन् । नेम्वाङका दुवै छोराहरू विदेशमा रहेको र उनीहरू आउँदै गरेकाले अन्त्येष्टि हुने दिन बिदा दिने निर्णय भएको हो ।
मन्त्रिपरिषद् बैठकले बिहीबार नेपालभरका सरकारी कार्यालयहरु, विदेशस्थित दुतावास तथा नियोगहरुमा नेपालको झण्डा आधा झुकाउने निर्णय गरेको छ ।
काठमाडौंको बालुवाटारस्थित आफ्नै निवासमा हृदयघात भएपछि अस्पताल लैजाने क्रममा सोमबार राति नेम्वाङको निधन भएको हो । एमाले उपाध्यक्षसमेत रहेका नेम्वाङ २०६४ साल र २०७० सालको दुवै संविधानसभाका अध्यक्ष थिए । उनी हाल इलाम–२ बाट प्रतिनिधिसभामा निर्वाचित सांसद हुन् ।
*(विस्तृत समाचार र विचार पृष्ठ ३ र ५ मा)*

## सुधारगृहमा बालकैदीद्वारा तोडफोड



**मधेशदृष्टि**
**वीरगंज ।**
विर्तास्थित बाल सुधारगृहका कैदीबन्दीले तोडफोड र ढुंगामुडा गरेका छन् । उनीहरुले विभिन्न माग राखेर सुधारगृहमा तोडफोड गरेपछि राति प्रहरी घटनास्थलमा परिचालन भएको छ । स्थिति नियन्त्रणमा लिन प्रयास भइरहेको छ । सुधारगृहमा तोडफोड र ढुङ्गामुढा भएपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन ४ राउन्ड अश्रुग्यास प्रहार गरेको छ । उमेर नपुगेका १ सय ३४ बालकैदी सुधारगृहमा छन् । बालकैदीले सुधारगृहले दमन गरेको भन्दै विरोध गरेर मंगलबार राति ८ बजेपछि तोडफोड सुरु गरेका हुन् । उनीहरुले पर्खालका ईँट भत्काएर फाल्नुका साथै भाँडाकुँडा पनि फालेका छन् । सुधारगृहका भुजेल भनिने नाइकेले बालकैदीलाई अनेक यातना दिएको विरोधमा कैदीहरु आन्दोलित भएको बताइएको छ । समाचार तयार पार्दासम्म घटनास्थलमा प्रहरी, सशस्त्र प्रहरी परिचालन गरिएको छ ।
सुधारगृहभित्र प्रहरी पस्न सकेको छैन । प्रहरीले बालबालिकालाई वार्तामा आउन र तोडफोड रोक्न माइकिङ गरिरहेको छ ।
केही साताअघि भक्तपुरबाट केही बालकैदीलाई वीरगंज ल्याइएको थियो । उनीहरुलाई यहाँबाट नेपालगंज पठाउने तयारी हुँदै थियो । प्रशासनले राति अबेरसम्म स्थिति नियन्त्रणमा लिने प्रयास जारी राखेको छ ।

## अज्ञात सवारीको ठक्करले वृद्धको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको सबैला गनरपालिकामा मंगलबार साँझ अज्ञात सवारीसाधनले ठक्कर दिएपछि एक वृद्धको मृत्यु भएको छ । दुर्घटनामा सबैला नगरपालिका –१०, सिमराढीका ६५ वर्षीय दुखी कापरको मृत्यु भएको हो ।
सिमराढी–भठिहन सडक खण्डस्थित कब्रस्तान नजिक कुनै सवारीसाधनले ठोक्किएर गम्भिर घाइते अवस्थामा देखिएका कापरलाई उपचारका लागि जनकपुरधामतर्फ ल्याउँदाल्याउँदै बाटोमै मृत्यु भएको स्थानीय जितेन्द्र कापरले जानकारी दिए । उनका अनुसार कापरलाई ठक्कर दिने सवारीसाधनको पहिचान हुन सकेको छैन ।
ईलाका प्रहरी कार्यालय सबैलाका निमित्त इन्चार्ज सई सुनकाजी तामाङले सिसिटिभी क्यामेरा अभावमा सडक सुरक्षाको अवस्था कमजोर रहेको बताएका छन् ।
'गाडीले ठक्कर दिएर गम्भिर घाइते भएको अवस्थामा कापरलाई देखेपछि बटुवाले खबर गरेपछि हामीले थाहा पायौँ, तत्काल उपचारका लागि पठाएपनि जोगाउन सकिएन' तामाङले भने, 'यदुकुहादेखि रघुनाथपुरसम्म पछ्याउँदा पनि ठक्कर हान्ने सवारीसाधनको पत्तो पाउन सकिएन ।
आज बाटोमा सिसिटिभी नहुँदा समस्या छ ।'

## 'विपीको भाषण' राष्ट्रपतिलाई उपहार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
इजरायलले राष्ट्रपति रामचन्द्र पौडेललाई नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री विपी कोइरालाको दुर्लभ भाषण उपहारस्वरूप प्रदान गरेको छ ।
इजरायली राजदूत हनन गोदेरले मंगलबार राष्ट्रपति भवन शीतलनिवासमा पुगेर विपी कोइरालाले सन् १९४८ सालतिर इजरायलको सम्बन्धमा बोलेको भाषण राष्ट्रपति पौडेललाई प्रदान गरेका हुन् । तत्कालीन नेपालका प्रधानमन्त्री विपी कोइरालाको कार्यकालमा सन् १९६० मा इजरायलसँग नेपालको दौत्य सम्बन्ध स्थापना भएको थियो ।
सन् १९४८ मा राज्यका रूपमा स्थापित इजरायलसँग सिंगो विश्वले स्वतन्त्र अस्तित्व स्वीकार नगरिसकेको अवस्थामा बीपी कोइरालाले स्वतन्त्र राष्ट्र स्वीकार गरेका थिए ।
सो दौत्य सम्बन्ध कायम भएपछि सन् १९६० को अगस्ट १५ मा 'इन्टरनेसनल कन्फ्रेन्स अन साइन्स इन द एडभान्समेन्ट अफ न्यू स्टेट्स' को प्रमुख अतिथिको हैसियतमा उद्घाटन गर्दै विपी कोइरालाले गरेको भाषण राष्ट्रपति पौडेललाई राजदूत गोदेरले उपहारस्वरूप हस्तान्तरण गरेका हुन् ।
राजदूत गोदेरले सो भाषण धेरै मेहनतका साथ खोजी गरेर आफूले फेला पारेको र विपी कोइरालाकै अनुयायी नेपालको राष्ट्रप्रमुख भएकाबेला हस्तान्तरण गर्न पाउँदा खुसी लागेको बताएका थिए । राष्ट्रपति पौडेलले विपीको यस्तो ऐतिहासिक दस्तावेज उपहारको रुपमा उपलब्ध गराएकोमा हर्षित हुँदै गोदेरलाई धन्यवाद दिएका थिए ।

## पत्रकार महासंघकै अध्यक्षको फर्जी हस्ताक्षर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल पत्रकार महासंघका मधेश प्रदेशस्थित जिल्ला शाखा अध्यक्षहरुले जारी गरेको संयुक्त विज्ञप्तीमै फर्जी हस्ताक्षर रहेको बुझिएको छ ।
मंगलबार जनकपुरमा आठवटै जिल्ला अध्यक्षहरुको संयुक्त बैठक बसेको भन्दै विज्ञप्ती जारी गरियो । उक्त विज्ञप्तीमा पर्सा अध्यक्ष अनुप तिवारी, बारा अध्यक्ष रेशम तिवारी, रौतहट अध्यक्ष प्रेमचन्द्र झा, सर्लाही अध्यक्ष टंक क्षेत्री, महोत्तरी कार्यवाहक अध्यक्ष हेमकुमारी बराल (सुनिता), धनुषा अध्यक्ष मनिका झा, सिरहा अध्यक्ष मनोज बनैता र सप्तरी अध्यक्ष श्रवण देवको हस्ताक्षर देखिएको छ ।
मंगलबार दिउँसो बसेको भनिएको उक्त बैठकले जारी गरेको संयुक्त विज्ञप्तीमा हस्ताक्षर गर्नेहरुमध्येका एक सप्तरी अध्यक्ष श्रवण देवसँग सोही साँझ फेसबुक म्यासेन्जरमा मधेशदृष्टि संवाददाताले भ्वाइस टक गर्दा दिल्लीतर्फ भ्रमणमा रहेको प्रतिक्रिया दिए । उनले भने, 'म चारपाँचदिनदेखि भारतकै विभिन्न शहरमा घुमिरहेको छु । आज धनुषामा नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्षहरुको संयुक्त बैठकमा म अनलाइन सहभागी भएको हुँ ।' तर, भौतिक रुपमा नेपालमै उपस्थिति नरहेको तपाईंको हस्ताक्षर विज्ञप्तीमा कसरी भयो भन्ने जिज्ञासा राखेपछि उनी अल्मलिए । आफुले प्रतिनिधित्व गर्ने दलीय संगठन बाहिरका सदस्यहरुलाई पत्रकार महासंघको सधारण सदस्यता खोस्न अधिकारको कुरा र निर्णय गर्ने पत्रकार महासंघ जस्तो गरिमामय संगठनका शाखा अध्यक्षहरुले संयुक्त बैठकपछि लिएको सामुहिक तस्बिरमा समेत सात जना मात्रै छन् । बैठक बस्दाको बखत देशमै उपस्थित नरहेका व्यक्तिको नक्कली हस्ताक्षर गर्नेहरुको नैतिकता कहाँ हरायो ?
'संस्थागत रुपमा हामीले यस निर्णयको स्वामित्व लिएका छैनौँ । हाम्रै युनियनबाट अध्यक्ष भएकाहरुले पनि हस्ताक्षर गरेका छन् भने त्यो तिनको व्यक्तिगत निर्णय हो' नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष अनिल कर्ण भन्छन्, 'मैले बुझे अनुसार सबैजसो जिल्ला कार्यसमितिले अध्यक्षको निर्णयलाई स्वामित्व ग्रहण अस्वीकार गरेको अवस्था छ ।' उनले युनियनका टिकटबाट महासंघका अध्यक्ष हुनेहरुले संस्थागत सल्लाह नगरिकन एकल निर्णय गरेको विषयमा केन्द्रीय समिति गम्भिर भएको र यस विषयमा आवश्यक निर्णय गर्न सोचिरहेको बताए ।



# भारतीय बजारमा नेपाली सिमेन्टको कारोबार

**२०७९/८० मा भने पहिलो महिना साउनमा ४९ लाख रुपैयाँ बराबरको सिमेन्ट नेपालबाट भारत निर्यात भएको छ । देशले गत वर्ष ७८ करोड रुपैयाँ बराबरको १० लाख चार हजार टन सिमेन्ट तथा क्लिंकर निर्यात गरेको छ । क्लिंकर मात्र ४२ करोड रुपैयाँभन्दा बढीको तीन लाख १६ हजार ९ सय ५० टन र ३५ करोड रुपैयाँ बराबरको ६ लाख सात हजार ७३ टन सिमेन्ट निर्यात भएको भन्सार विभागले जनाएको छ । यो आर्थिक वर्षको पहिलो महिना साउनमा मात्रै २३ करोड ४९ लाख रुपैयाँ बराबरको सिमेन्ट तथा क्लिंकर भारत निर्यात भएको छ ।**



**मधेशदृष्टि**
**वीरगंज ।**
गएको साउनमा नेपालबाट २३ करोड रुपैयाँभन्दा बढीको सिमेन्ट र क्लिंकर भारत निर्यात भएको छ । स्वदेशी खानीमा आधारित उद्योगले नेपाली बजारमा सिमेन्ट बजारीकरणसँगै सिमेन्ट र क्लिंकर निर्यात गर्न थालेका छन् । सिमेन्टमा आत्मनिर्भर भएपछि मूल्य नियन्त्रित भएर आयात घाटा घट्दै गएको छ । २०७७÷७८ मा सात लाख ४९ हजार ३ सय ११ टन क्लिंकर भारतबाट ल्याइएको थियो । २०७८÷७९ मा क्लिंकर आयात बढेको थियो । ४७ हजार ८ सय २६ टन क्लिंकर आयात भएको थियो । २०७९÷८० मा भने पहिलो महिना साउनमा ४९ लाख रुपैयाँ बराबरको सिमेन्ट नेपालबाट भारत निर्यात भएको छ । देशले गत वर्ष ७८ करोड रुपैयाँ बराबरको १० लाख चार हजार टन सिमेन्ट तथा क्लिंकर निर्यात गरेको छ । क्लिंकर मात्र ४२ करोड रुपैयाँभन्दा बढीको तीन लाख १६ हजार ९ सय ५० टन र ३५ करोड रुपैयाँ बराबरको ६ लाख सात हजार ७३ टन सिमेन्ट निर्यात भएको भन्सार विभागले जनाएको छ । यो आर्थिक वर्षको पहिलो महिना साउनमा मात्रै २३ करोड ४९ लाख रुपैयाँ बराबरको सिमेन्ट तथा क्लिंकर भारत निर्यात भएको छ । चालु आर्थिक वर्ष साउनमा निर्यात भएको सिमेन्ट तथा क्लिंकर गत वर्ष साउनको तुलनामा ४८ गुणा र गत आर्थिक वर्षको औसत मासिक निकासीभन्दा ३.६१ गुणा बढी हो । यो वर्ष साउनमा भारततर्फ नौ हजार ५ सय ७३ टन सिमेन्ट निकासी हुँदा ५ सय ५ टन माल आयात भएको छ । सरकारले निर्यातमा ४ देखि ८ प्रतिशतसम्म नगद अनुदान र विद्युत् महुसलमा समेत छुट दिने घोषणा गरेपछि नेपालबाट सिमेन्ट निर्यात बढ्न थालेको उद्यमीको भनाइ छ । भारतको सीमावर्ती बजारमा सिमेन्ट तथा क्लिंकर निर्यात गर्ने उद्योगमा पाल्पाको पाल्पा सिमेन्ट र सीजी सिमेन्ट, रुपन्देहीको अर्घाखाँची सिमेन्ट तथा कपिलवस्तुको बालाजी सिमेन्ट छन् । नेपालको घरेलु बजारको मागभन्दा धेरै क्षमतामा सिमेन्ट उत्पादन रहेकाले देशबाहिर बजार विस्तार हुनु राम्रो संकेत भएको वीरगंज–पथलैया करिडोरस्थित कलश सिमेन्टका सञ्चालक अनिल अग्रवाल बताउँछन् । उत्तर प्रदेशका गोरखपुर, लखनउलगायत सहर र उत्तर प्रदेशसँग सीमा जोडिएका बिहारका सहरमा नेपाली सिमेन्टको माग बढेको छ ।

## जलेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**जलेश्वर, महोत्तरी मधेश प्रदेश**

सूचना । सूचना ॥ सूचना ॥।

**सूचना प्रकाशित मितिः- २०८०।०५।२७**

जिल्ला महोत्तरी, जलेश्वर नगरपालिका वडा नं. ४, ९ र ११ स्थित सार्वजनिक पोखरीहरुको आव २०८०।८१ को २०८० साल कात्तिक ०१ गतेदेखि आव २०८४।८५ को २०८५ साल आश्विन मसान्तसम्म वर्ष ५ का लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले इच्छुक महानुभावहरुले निम्न शर्तको अधिनमा रही शिलबन्दी बोलपत्र दिन हुन सर्वसाधारणको जानकारीका लागि प्रथमपटक यो १५ दिने सिलबन्दी बोलपत्र दर्ता गराउन हुन सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| गा.वि.स. | साविक वडा नं. | कित्ता नं. | क्षेत्रफल | पोखरीको नाम | चारकिला | न्युनतम अंक |
|---|---|---|---|---|---|---|
| सुगा भवानी पट्टी | ८ | ३९३ | ०-१५-० | मसुरपट्टी गाँउको पश्चिम कुनाको पोखरी | .................................. | ३,००,०००।- |
| पिगौना | ४ | २८४ | ०-२-९ | सार्वजनिक | पूर्वमा किता नं.९०/३२७ रामभजन साह, पश्चिममा कितानं.९०/४९८विन्देश्वर प्रसाद साह, उत्तरमा किता नं.९०/३२९रामकृपाल साह रदक्षिण किता नं.८८/२८५ पैनी | ५०,०००।- |
| पिगौना | ५ | २६६ | ०-४-१९ | सार्वजनिक | पूर्वमा किता नं.२६५सुर्य नारायण पाण्डेय ,पश्चिममा किता नं.२६३ किशोरी मिश्र, उत्तरमा कितानं.२६७ मुनरी तेली र दक्षिण किता न२६४ हरिचन्द्र पाण्डेय | १,००,०००।- |
| पिगौना | ५ | १५७ | ०-६-१७ | सार्वजनिक | पूर्वमा किता नं.१४७ गाउँ ,पश्चिममाकितानं.१५८गाउँ, उत्तरमाकितानं.५६रामलोचन चौधरी र दक्षिण किता नं.१५० पशुराम चौधरी | १,२५,०००।- |
| पिगौना | ६ | २७८ | ०-६-० | सार्वजनिक | पूर्वमा बाटो ,पश्चिममा बाटो उत्तरमा घरवास किता नं. २७७ र दक्षिणमा बाटो | १,२५,०००।- |
| पिगौना | ६ | ३०७ | ०-७-१८ | सार्वजनिक | पूर्वमा सिमाना, पश्चिममा बाटो उत्तरमा बाटो र दक्षिणमा गाउँ कि.नं.३०८ | २,००,०००।- |
| पिगौना | ८ | २०६ | ०-९-७ १/२ | सार्वजनिक | पूर्वमा किता नं.२०७ सुखदेव चौधरी ,पश्चिममा किता नं. २०७ सुखदेव चौधरी उत्तरमा किता नं.२०७ सुखदेव चौधरी र दक्षिण किता नं.२०७ सुखदेव चौधरी | २,५०,०००।- |
| पिगौना | ९ | १०२ | ०-१४-१४ | सार्वजनिक | पूर्वमा किता नं.१०१ इसर पाण्डेय ,पश्चिममा किता नं. १०१ इसर पाण्डेय उत्तरमा किता १०१ इसर पाण्डेय र दक्षिण किता नं.१०१ इसर पाण्डेय | ५,००,०००।- |
| सुगा भवानी पट्टी | ४ | २१९ | ०-१२-२.५ | भैरव स्थान नजिकको पोखरी-१ | सुगा गाउँमा रहेको भैरव स्थान नजिकको पोखरी | २,७५,०००।- |
| सुगा भवानी पट्टी | ५ | ११९ | १-१४-२.५ | संतोषी मन्दिर नजिकको पोखरी-१ | सुगा गाउँमा संतोषी मन्दिर नजिकको पोखरी | ७,५०,०००।- |
| सुगा भवानी पट्टी | ४ | .... | ........... | जिम्दार पोखरी-१ | ................. | १४,००,०००।- |
| फुल्हटा प्रकौली | ९ | ...... | ............... | पूर्णी पोखरी-१ | .................. | २०,००,०००।- |

यस बाहेक अन्य कुरा बुझ्नु परेमा जनपा कार्यालयको राजश्व शाखामा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

टेलिफोनः :०४४-५२०१४३ फ्याक्सः०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : **info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np**
वेव साइटः **http://www.jaleshwarmun.gov.np**

# शिक्षक हत्या आरोपीलाई तीन वर्ष कैद

**मधेशदृष्टि**
**सप्तरी ।**
तिरहुत गाउँपालिका–२ पिपराही गोइठी घर भई राजविराज नगरपालिका–२ स्थित पिस जोन मोडेल स्कुलमा अध्यापन गरिरहेका २५ वर्षीय भट्टराई भनिने जयकृष्ण बिराजीको हत्या कसुरमा राजविराज नगरपालिका–७ की २५ वर्षीया सन्तोषीकुमारी यादव र उनका बुबा ५० वर्षीय बिन्दु भनिने बिन्देश्वर यादवलाई ३ वर्ष कैद सजाय भएको छ ।
जिल्ला न्यायाधीश हरिश्चन्द्र इङ्नामको इजलासले आरोपित सन्तोषीकुमारी र उनका बुबा बिन्देश्वरलाई कसुरदार ठहर गर्दै जनही ३० हजार रुपैयाँ जरिवाना तिराउने र १ हजार २ सय रुपियाँ फौजदारी कसुरपीडित राहत कोषमा जम्मा गर्न लगाउने समेत फैसला भएको छ ।
कसुर ठहर भएका आरोपितले पीडित पक्षलाई १ लाख रुपैयाँ क्षतिपूर्ति समेत तिर्नुपर्ने फैसला भएको अदालतले जनाएको छ ।
अन्य आरोपित राजविराज नगरपालिका–७ का वडा अध्यक्ष ४० वर्षीय टुनटुन भनिने सुभाषचन्द्र यादव, ३५ वर्षीय श्रवण कुमार महतो, ३१ वर्षीय प्रेम भनिने योगेशकुमार देव, ३० वर्षीय कमलु भनिने कमलदेव यादव, २७ वर्षीय शशी आनन्द देव र २३ वर्षीय प्रमोदकुमार यादवले अभियोग दावीबाट सफाइ पाएका छन् ।
राजविराज नगरपालिका–७ खर्साल टोलमा २०७६ असार ९ गते राति आठ जनाको समूहले गरेको कुटपिटबाट मृत्यु भएको भन्दै पीडितका बुबा उपेन्द्रप्रसाद यादवले जिल्ला प्रहरी कार्यालयमा ०७६ असार ११ गते उजुरी दिएका थिए । कुटपिटबाट गम्भीर घाइते बिराजीको नोबेल अस्पताल बिराटनगरमा २०७६ असार ११ गते दिउँसो मृत्यु भएको थियो । शवको बिराटनगरस्थित कोशी अस्पतालमा २०७६ असार ११ गते पोष्टमार्टम भएको थियो ।
आरोपितविरुद्धको उजुरी २०७६ असार १२ गते दर्ता भएको थियो ।
पिस जोन मोडेल स्कुलको होस्टलमा वार्डेनसमेत रहेका शिक्षक बिराजीलाई केटी साथी भेट्न २०७६ असार ९ गते राति राजविराज नगरपालिका–७ खर्साल टोल पुगेका बेला स्थानीय युवाको समूहले कुटपिट गरेको प्रत्यक्षदर्शीले बताएका थिए । उपचारक्रममा शिक्षकको मृत्यु भएपछि आरोपित फरार भएका थिए ।
आरोपित श्रवणलाई २०७७ चैत ५ गते इलाका प्रहरी कार्यालय धरान सुनसरीबाट खटिएको प्रहरी टोलीले धरान उपमहानगरपालिका–८ स्थित तीनकुनेबाट गिरफ्तार गरेको थियो ।
अदालतमा २०७७ चैत २९ गते अभियोगपत्र दायर भएकामा उनी चैत ३० गते २ लाख रुपैयाँ धरौटी राखी पुर्पक्षका लागि रिहा भएका थिए । आरोपित सुभाष २०७८ जेठ ४ गते गिरफ्तार भएकामा न्यायाधीश प्रेमबहादुर न्यौपानेको जेठ १० गतेको आदेशले ३ लाख रुपैयाँ धरौटीमा रिहा भएका थिए ।

# काँचो काठसहित मोटरसाइकल बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ५ देवरिया र फरहदवाबीचको सडकखण्डबाट वनगस्ती टोलीले काँचो सालको काठसहित मोटरसाइकल बरामद गरेको छ ।
सब डिभिजन वन कार्यालय रंगपुरटाडीबाट जमदार अर्जुन चौधरीको नेतृत्वमा खटिएको वनगस्ती टोलीले मंगलबार बिहान ३ बजेतिर तस्करले राष्ट्रिय वनबाट सालको रुख काटेर दुई थान गोलिया काठ मोटरसाइकलमा ल्याउँदै गरेको अवस्थामा बरामद गरेको हो ।
ना २२ प ७६४८ नम्बरको डिस्कभर मोटरसाइकल र त्यसमा लोड गरिएको २ थान १७ क्युबिक फिट सालको काठ बरामद गरिएको सब डिभिजन वन कार्यालय रंगपुरका रेन्जर कपिलदेव यादवले बताए ।
तस्कर भने फरार भएकोले पक्राउ गर्न नसकिएको यादवले बताए ।

# समाचार लेख्दा वडाअध्यक्षका छोराद्वारा गालीगलौज




**मधेशदृष्टि**
**वीरगंज ।**
समाचार लेखेको आक्रोशमा परवानीपुर गाउँपालिका वडा नम्बर ५ का वडा अध्यक्ष रामेश्वर कलवारका छोरा जयप्रकाश भनिने रुपेश गुप्ताले प्रहारडेलिडटकमका सञ्चालक राहुल गुप्तालाई मार्ने धम्कीसहित गालीगलौज गरेका छन् । प्रहारडेलिडटकमका सञ्चालक गुप्ताले भदौ २४ गते बाराको परवानिपुर गाउँपालिका वडा नम्बर ५ का वडा अध्यक्ष कलवारले स्थानीयलाई हातपात तथा दुव्र्यवहार गरेको समाचार लेखेका थिए । समाचार प्रकाशनपछि वडा अध्यक्षका छोरा रुपेशले बुबाको न्युज किन लेखेको भन्दै फेसबुक म्यासेन्जरमा नानाथरिका गालीगलौज गरेको गुप्ताले बताए । उनले भने, 'मोबाइल नम्बर ९८५५०३२९३९ बाट फोन गरी नानाथरि गालीगलौज गर्दै धाक धम्की दिए ।'

## अपराध डायरी

### चरेश र गाँजासहित मिया पक्राउ

**वीरगंज ।**
छिपहरमाई–५, भिस्वाका ७५ वर्षीय रसुल मिया लागुऔषध चरेश र गाँजासहित पक्राउ परेका छन् । विद्युतको कर्मचारीसहित विद्युत चेक गर्न प्रहरी जाँदा उनको घरपछाडि लुकाइएको अवस्थामा चरेश १ केजी २ सय ग्राम, गाँजा ८ सय ग्राम, गाँजाको धूलो ३ सय ग्राम फेला परेको प्रहरीले जनाएको छ ।

### साढे दुई लाख बढीका कपडा बरामद

**रौतहट ।**
गौर–२ स्थित जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरी गस्ती टोलीले भारतबाट अवैध रुपमा भन्सार छलेर मोटरसाइकलमा कपडालगायतका सामान लोड गरी नेपाल ल्याउँदै गरेको अवस्थामा चेकजाँच गर्न खोज्दा प्रहरी गस्ती टोली देखेर कपडा फालेर कारोबारीहरु फरार भएका थिए । प्रहरीले कपडा नियन्त्रणमा लिएर २ लाख ६१ हजार ६ सय रुपैयाँ मूल्यांकन गरेर गौर भन्सार पठाएको छ ।

### फरार प्रतिवादी पक्राउ

**धनुषा ।**
क्षिरेश्वरनाथ–५ स्थित सखुवा बजारमा रिनादेवी साहको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जिल्ला धनुषा, धनुषाधाम नगरपालिका–६ बस्ने २४ वर्षीय ललित कुमार महतोसमेत भएको सवारी अंगभंग मुद्दाका फरार प्रतिवादी ललितकुमार महतोलाई सखुवा बजारमा घुमफिर गरिरहेको अवस्थामा फेला पारेर नियन्त्रणमा लिएको छ ।

### बिल बिजक नभएको ट्रक नियन्त्रणमा

**पर्सा ।**
वीरगंज–१४ गण्डक चोक चेकप्वाइन्टमा ना ८ ख ६१७१ नम्बरको ट्रकमा बिल बिजक भन्दा बढी खुद्रा सामान रहेको शंकामा चेकजाँच गरी प्रहरीले ट्रक नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय पर्सामा पठाएको छ ।

# स्थायी र करारबाहेकका कर्मचारीलाई बिदा


वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- ०८०/०८१
चलानी नं.:- ९४३९
मितिः- २०८०।०५।२४ गते

श्री वडा कार्यालय (सबै)
श्री महाशाखा/शाखा/उपशाखा/ईकाइ प्रमुखज्यूहरु (सबै)
वीरगंज महानगरपालिका, पर्सा ।

विषयः- कामकाजमा नलगाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा विगत देखि तहाँ वडा कार्यालय/स्वास्थ्य चौकी/केन्द्र/महाशाखा/शाखा/उपशाखा समेतमा विभिन्न मिति देखि विभिन्न पदमा कामकाज गर्दै आएका (स्थायी र करार कर्मचारी बाहेकका) सबै कर्मचारीहरुलाई आजैको मिति देखि लागू हुने गरी कामकाजमा नलगाउनुहुन अनुरोध छ ।

साथै, अब उपरान्त त्यस्ता व्यक्तिहरुको डोर हाजिरी प्रमाणित गर्ने पदाधिकारीले आफ्नो निजी श्री सम्पत्तिबाट निज कर्मचारीहरुको तलब भत्ता व्यहोर्नुहुनु समेत अनुरोध छ ।

लक्ष्मी प्रसाद पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थः-
श्रीमान् प्रमुखज्यूः वीरगंज महानगरपालिका ।
श्रीमान् उप-प्रमुखज्यूः वीरगंज महानगरपालिका ।
बोधार्थः-
श्री आर्थिक प्रशासन महाशाखाः- डोर हाजिरी वापतको तलब रकम निकासा नगर्नुहुन अनुरोध छ ।
श्री खरिद तथा भण्डार शाखाः- स्थायी/करारका कर्मचारीहरु बाहेक अरु कसैलाई सर सामग्री नदिनुहुन अनुरोध छ।
वीरगंज महानगरपालिका ।

"औद्योगिक तथा व्यापारिक शहर, सुसंस्कृत, सभ्य हाम्रो वीरगंज महानगर"

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले वडा कार्यालय, स्वास्थ्य चौकी, केन्द्र, महाशाखा, शाखा, उपशाखामा स्थायी र करारबाहेका बाँकी कर्मचारीलाई हाजिरी नगराउन निर्देश गरेको छ । मंगलबार महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले जारी गरेको निर्देशनमा स्थायी र करारबाहेकका कर्मचारीलाई काममा नलगाउन, हाजिरी नगराउन भनिएको हो ।
निर्देशनमा भनिएको छ, 'मंगलबारदेखि त्यस्ता कर्मचारीलाई कामकाजमा लगाएर डोरहाजिरी प्रमाणित गर्ने पदाधिकारीले नै निजी श्रीसम्पत्तिबाट तलब व्यवस्था गर्नु पर्नेछ ।'

# लागुऔषध नष्टः



**मकवानपुर ।**
जिल्ला प्रहरी कार्यालय मकवानपुरले विभिन्न मितिमा बरामद गरेको ठूलो परिमाणको लागुऔषध मंगलबार हेटौंडास्थित राप्ती किनारामा नष्ट गरेको छ ।

# सुवासचन्द्र नेम्बाङ



सुवासचन्द्र नेम्बाङको जन्म इलामको सुन्तलाबारीमा भएको हो । उनले कानुनमा स्नातक (बिएल) गरेका छन् ।

संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्बाङ यसअघिको व्यवस्थापिका संसदमा पनि सभामुख थिए । त्यसअघि २०४८ र २०५२ मा गरी उनले दुई पटक राष्ट्रिय सभा अध्यक्षको जिम्मेदारी सम्हाले । २०५६ को संसदीय निर्वाचनमा विजयी नेम्बाङ कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री, सामान्य प्रशासन मन्त्री र संसदको सार्वजनिक लेखा समितिको अध्यक्ष बने । नेकपा एमालेको केन्द्रीय सदस्य र कानुन विभाग प्रमुख नेम्बाङ संविधानसभा सभासदमा इलामबाट निर्वाचित भए ।

कानुन व्यवसायीका रूपमा परिचित र प्राध्यापनमा समेत संलग्न रहिसकेका नेम्बाङले नेपाल बार एसोसिएसनको महासचिवको जिम्मेदारी सम्हालेका छन् । २०२९ सालमा अनेरास्ववियुको अध्यक्ष थिए । विद्यार्थी जीवनदेखि नै राजनीतिमा लागेका नेम्बाङ २०३३ सालमा राजकाज मुद्दामा जेल परे । उनी त्रिभुवन विश्वविद्यालयबाट कानुनमा स्नातक हुन् । अध्ययन र समाजसेवामा उनको रुचि थियो । उनका दुई छोरा र दुई छोरी छन् । अघिल्लो निर्वाचनपछि जनतालाई पु¥याएको सेवा र जनतासँगको निकट सम्बन्धले आफूलाई विजयी बनाएको ठान्ने सुवासचन्द्र नेम्बाङ संविधानसभामा सङ्घीय एवम् समावेशी लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न क्रियाशील रहने बताउँथे ।

विद्यार्थी छँदा नै राजनीतिमा लागेका नेम्बाङ कम्युनिष्ट पार्टीमा प्रवेश गरे । २०६४ को संविधान सभा निर्वाचनमा इलाम जिल्ला क्षेत्र नम्बर २ बाट निर्वाचित भई संविधान सभा अध्यक्षका रूपमा कार्यरत थिए । २०७० को संविधान सभा निर्वाचनपछि ओनसरी घर्तिमगर संविधान सभा अध्यक्ष बनिन् ।

कार्यपालिका र व्यवस्थापिकाको शक्ति–प्रभाव न्यायालयमा सेट गर्ने पात्रमा सबैभन्दा अगाडि देखिन्छन्, संविधानसभाका अध्यक्ष एवम् विघटित प्रतिनिधिसभाका सांसद सुवासचन्द्र नेम्बाङ । २०५१ देखि नबिराई सांसद चुनिएका नेम्बाङले आफ्नो ल फर्ममा काम गर्ने करिब एक दर्जनलाई उच्च अदालत र सर्वोच्च अदालतको न्यायाधीशमा पु¥याएका छन् । त्यसमध्ये केही अवकाश पाइसके भने धेरैजसो पदमै छन् ।

नेम्बाङ, भरतराज उप्रेती, वैद्यनाथ उपाध्यायसहितको टिमले पायोनियर ल एसोसिएट्स चलाएको थियो । २०६४ र २०७० को दुवै संविधानसभामा नेम्बाङ अध्यक्ष थिए । २०४८ मा पुनरावेदन अदालतबाट न्यायालयमा छिरेका उपाध्याय २०६७ मा सर्वोच्चको न्यायाधीश बन्न सफल भएका थिए, जतिखेर नेम्बाङ संविधानसभाको अध्यक्षमा आसीन थिए ।

अर्का साझेदार उप्रेती भने २०६५ मै सर्वोच्चको अस्थायी न्यायाधीश बने । सर्वोच्च भित्रको राजनीतिका कारण उप्रेती स्थायी हुन नसकेपछि बाहिरिएका थिए, उनको देहावसन भइसकेको छ । उपाध्यायले पनि अवकाश पाइसके ।

पायोनियरमै वकालत अभ्यास गरेका मनोज शर्मा अहिले सर्वोच्चको न्यायाधीश बनेका छन् । उनी २०७६ वैशाख ६ गते सर्वोच्च छिरेका हुन् । नेम्बाङ राजनीतिमा सक्रिय हुन थालेपछि शर्मा पायोनियरमा कानुनी अभ्यासका लागि पुगेका थिए । उनी विवादास्पद पूर्वप्रधानन्यायाधीश दामोदरप्रसाद शर्माका नातेदार हुन् ।

नेपाली कांग्रेसको कोटाबाट न्यायाधीश बनेका कुमार रेग्मी सर्वोच्च छिर्नुमा समेत नेम्बाङको भूमिका रहेको जानकारको दाबी छ । रेग्मीकी श्रीमती सोनाली रेग्मी पायोनियरमा काम गर्थिन् ।

नेम्बाङ आबद्ध ल फर्ममा काम गरेकी अञ्जु उप्रेती ढकाल उच्च अदालतको न्यायाधीश छिन् । उनी दिवंगत पूर्व न्यायाधीश भरतराज उप्रेतीकी छोरी हुन् । नेम्बाङको गृहजिल्ला इलामका कानुन व्यावसायी राजकुमार वन पनि अहिले उच्च अदालतको न्यायाधीश छन् । उनी हेटौँडा इजलासमा कार्यरत छन् । विराटगर उच्च अदालतमा कार्यरत मिलन राई नेम्बाङ संविधानसभाको अध्यक्ष भएको बेला अदृश्य रूपमा कानुनी सल्लाहकार थिए । हरि फुयाँललाई सर्वोच्चको न्यायाधीश बनाउन नेकपा भित्र सहमति जुट्न नसकिरहेकै बेला नेम्बाङले निर्णायक भूमिका खेलेका थिए । फुयाँल चार वर्ष २ महिना प्रधानन्यायाधीश बन्ने गरी भित्रिएका पात्र हुन् । उनले २०८८ देखि २०९२ सम्म न्यायालय हाँक्नेछन् ।

तर, नेम्बाङ भने स्वार्थ बाझिने भएकैले २०५७ मा सार्वजनिक लेखा समितिको सभापति भएपछि आफू पायोनियर ल एसोसियट्सबाट औपचारिक रूपमा अलग भएको बताउँछन् । ‘आफन्तले एक पैसा बेगर ल फर्म किन छोडिस् भनेर गाली पनि गर्छन् । म ढंगले चल्दिनँ भनेर मलाई उनीहरूको आरोप छ,’ नेम्बाङले भनेका थिए । ‘सुवास नेम्बाङ जहाँ जान्छ, त्यो ठाउँका मानिसले चान्स पाउँदैन’ भन्ने आरोप आफूमाथि रहेको उनले जिकिर गर्थे ।

प्रतिनिधि सभा निर्वाचन, २०७९ मा नेपाल कम्युनिष्ट पार्टी एमालेका उम्मेदवार सुवासचन्द्र नेम्बाङ इलाम जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं २ बाट ३० हजार २० मत प्राप्त गरी प्रतिनिधि सभा सदस्यमा विजयी भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली काँग्रेसका उम्मेदवार डम्बर बहादुर खड्काले २९ हजार ६ मत प्राप्त गरेका थिए । (विकिपिडियाबाट)

## श्रद्धाञ्जली र सम्झना



**रामचन्द्र पौडेल:** राष्ट्रपति रामचन्द्र पौडेलले संविधानसभा अध्यक्ष सुवास नेम्बाङको अप्रत्यासित निधनले आफू मर्माहत र स्तब्ध भएको बताएका छन् । सामाजिक सञ्जालमार्फत उनले दुःखको यस घडीमा नेम्बाङप्रति हार्दिक श्रद्धाञ्जलीप्रकट गर्दै नेम्बाङ परिवार, गणतन्त्र पक्षधर तथा उनको पार्टीप्रति गहिरो समवेदना प्रकट गरेका छन् ।



**पुष्पकमल दाहाल, प्रधानमन्त्री ।** सुभाषचन्द्र नेम्बाङ एक असल, शान्त र भद्र नेता हुनुहुन्थ्यो । उहाँले संसदीय प्रणालीलाई संस्थागत गर्न अग्रणी भूमिका निर्वाह गर्नुभयो । नेपालको ऐतिहासिक संविधानसभा अध्यक्षको रुपमा संविधान निर्माण प्रक्रियामा अभिभावकीय भूमिका निर्वाह गरिरहँदा उहाँले देशको राजनीतिक पृष्ठभूमि, तत्कालिन अवस्था र समृद्ध भविष्यलाई ध्यानमा राखेर आफ्नो दायित्व निर्वाह गरिरहेको क्षण सम्झिन्छु म । कुनै बेला एउटै राजनीतिक दलमा रहेर काम गर्ने अवसर पनि प्राप्त भयो । अहिले प्रतिपक्षी दलमा भएपनि उहाँको सकारात्मक सोचले कहिल्यै विपक्षी नेता जस्तो लागेन ।



**शेरबहादुर देउवा:** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले संविधानसभा अध्यक्ष एवं नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्बाङको अप्रत्यासित निधनले आफू मर्माहत र स्तब्ध भएको बताएका छन् । सामाजिक सञ्जाल ट्वीटरमार्फत उनले स्व नेम्बाङको निधनले स्तब्ध भएको उल्लेख गर्दै उनको आत्माको चिरशान्तिको कामना र शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका छन् ।



**केपी शर्मा ओली: नेकपा** (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङ आफ्ना लागि पार्टीको उपाध्यक्षमात्र नभएर हितैषी मित्र र सुखदुःखको साथी भएको बताएका छन् । अध्यक्ष ओलीले सामाजिक सञ्जालमार्फत् नेम्बाङलाई श्रद्धाञ्जली दिँदै भनेका छन्, ‘लोकतान्त्रिक संविधान निर्माण गर्न उहाँले पुर्याउनुभएको योगदान सधैँ सम्झिरहने छौँ । मृदुभाषी, विनम्र, शालीन मेरा साथी सुवास नेम्बाङप्रति भावपूर्ण श्रद्धाञ्जली’



**माधव कुमार नेपाल:** नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले गए राति निधन भएका नेकपा (एमाले) का उपाध्यक्ष एवं संसदीय दलका उपनेता स्व सुवासचन्द्र नेम्बाङप्रति श्रद्धाञ्जलीप्रकट गरेका छन् । महाराजगन्जस्थित शिक्षण अस्पतालमा मंगलबार बिहान पुगेर अध्यक्ष नेपालले स्व नेम्बाङको निधनमा दुःख व्यक्त गर्दै श्रद्धाञ्जलीअर्पण गरेका हुन् ।



**विद्यादेवी भण्डारी:** पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्बाङको अप्रत्याशित र अकल्पनीय निधनको खबरले आफू स्तब्ध भएको बताएकी छन् । सामाजिक सञ्जालमार्फत ट्वीट गर्दै उनले नेम्बाङलाई मृदुभाषी, शालीन व्यक्तित्वका धनी, समन्वकारी गुण भएको व्यक्तित्वका रूपमा स्मरण गरिन् । संसदीय दलका उपनेता नेम्बाङको निधनले सिङ्गो पार्टी र राष्ट्रलाई अपुरणीय क्षति पुगेको पूर्वराष्ट्रपति भण्डारीले उल्लेख गरेकी छन् । पूर्वराष्ट्रपति भण्डारीले भनेकी छन्, ‘म उहाँप्रति भावपूर्ण श्रद्धाञ्जलीअर्पण गर्दछु, यस दुःखद् घडीमा शोकाकुल परिवारजन र पार्टी परिवारमा गहिरो समवेदना व्यक्त गर्दछु ।’



**झलनाथ खनाल:** पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले संविधानसभा अध्यक्ष एवं पूर्वसभामुख सुवास नेम्बाङको निधनबाट स्तब्ध बनेको बताएका छन् । मंगलबार वक्तव्य जारी गर्दै उनले नेम्बाङप्रति श्रद्धाञ्जलीर परिवारजनमा समवेदना व्यक्त गरेका छन् । नेता खनालले एमाले उपाध्यक्ष नेम्बाङ ७ कक्षादेखिको आफ्नो सहपाठी र राजनीतिक सहयात्री भएको स्मरण गर्दै संविधानसभा अध्यक्ष भएर आजको संविधान निर्माण गर्ने काममा पनि उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।



**डा बाबुराम भट्टराई:** नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले संविधानसभा अध्यक्ष एवं पूर्वसभामुख सुवास नेम्बाङको निधनबाट मुलुकले क्षति व्यहोरेको बताएका छन् । उनले एमाले उपाध्यक्ष नेम्बाङको निधनबाट आफू स्तब्ध र मर्माहत भएको बताए । ‘आँखामा राखे पनि नबिझाउने, मृदुभाषी, असल व्यक्तित्व नेम्बाङको निधनबाट देशले क्षति व्यहोरेको छ’, उनले भने, ‘मैले आत्मीय मित्र गुमाएको छु’, अध्यक्ष भट्टराईले नेम्बाङप्रति श्रद्धाञ्जलीर परिवारजन तथा पार्टी पङ्क्तिमा समवेदना व्यक्त गरेका छन् ।



**खिलराज रेग्मी:** तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्बाङको निधनबाट मुलुकले शालीन र सन्तुलित राजनीतिज्ञ गुमाएको बताएका छन् । उनले कानुनी क्षेत्रको पृष्ठभूमि भएकाले राजनीतिक, कानुनी र संवैधानिक इतिहासमा पूर्वसभामुख नेम्बाङको समन्वयकारी क्षमतासहितको योगदान स्मरण भइरहने उल्लेख गरे । नजिकबाट चिनेको व्यक्ति भएकाले सुवासजीको निधनको खबरले साह्रै दुःख लागेको बताउँदै उनले दिवङ्गत नेम्बाङप्रति श्रद्धाञ्जलिका साथै परिवारजनप्रति समवेदना प्रकट गरे ।



**नारायणकाजी श्रेष्ठ:** उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले संविधानसभा अध्यक्ष एवं पूर्वसभामुख सुवास नेम्बाङको निधनबाट सिङ्गो राष्ट्र शोकाकुल भएको बताएका छन् । महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा पुगेर नेम्बाङप्रति श्रद्धाञ्जलीअर्पण गर्ने क्रममा उनले सञ्चारकर्मीसँग नेपालको कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनका एक उदाहरणीय नेताको निधनबाट हामी सबै शोकाकुल भएको प्रतिक्रिया दिए । उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘नेपालको राजनीतिक तथा लोकतान्त्रिक परिवर्तनलाई संस्थागत गर्ने नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएकामा नेम्बाङलाई नेपाली जनताले पुस्तौँपुस्तासम्म स्मरण गरिरहनेछन् ।’ संसदमा कुनै विषय जटिल बन्यो भने सबैले नेम्बाङको खोजी गर्ने गरेको स्मरण गर्दै उनले भने, ‘नेम्बाङले त्यसलाई निकास निकाल्नु हुन्थ्यो ।’ अनुचित लेनदेन वा मिटरव्याजीसम्बन्धी विधेयक संसद्मा जटिल अवस्थामा पुगेको अवस्थामा त्यसलाई संसद्बाट पारित गरेर कानुन बनाउने दिशातर्फ निर्णायक भूमिका खेल्ने काम नेम्बाङबाट नै भएको उनले स्मरण गरे ।



**सुरेन्द्रराज पाण्डेले:** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संविधानसभा अध्यक्ष एवं नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्बाङको असामयिक निधनले आफू स्तब्ध भएको बताएका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत उनले दिवङ्गत नेता नेम्बाङप्रति श्रद्धाञ्जलीव्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समेवेदना व्यक्त गरेका छन् ।



**गणेशप्रसाद तिमिल्सिना:** राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले संविधानसभाका अध्यक्ष, पूर्वसभामुख एवं नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्बाङको निधनले आफू मर्माहत भएको बताएका छन् । मंगलबार शोक वक्तव्य जारी गर्दै उनले नेम्बाङको निधनप्रति दुःख व्यक्त गर्दै संसद्ले एक अनुभवी, असल र तथा राष्ट्रले एक सिद्धान्तनिष्ठ, देशभक्त इमान्दार नेता गुमाएको उल्लेख गरे ।



**देवराज घिमिरे:** सभामुख देवराज घिमिरेले संविधानसभाका अध्यक्ष एवं पूर्वसभामुख सुवासचन्द्र नेम्बाङको अप्रत्यासित निधनले मर्माहित भएको बताएका छन् । उनले नेकपा (एमाले)का उपाध्यक्ष समेत रहेका नेम्बाङको निधनप्रति दुःख व्यक्त गर्दै नेपालको संसद्ले एक अनुभवी र सिद्धहस्त राजनीतिज्ञ गुमाएको बताए । ‘प्रतिनिधिसभाले एक असल, लोकप्रिय र काबिल सदस्य गुमाएको महसुस गरेको छु । दुःखको यस घडीमा नेम्बाङप्रति हार्दिक श्रद्धाञ्जलीप्रकट गर्दै उहाँको परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु’, उनले भनेका छन् ।



**अग्निप्रसाद सापकोटा:** नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष एवं पूर्वसभामुख अग्निप्रसाद सापकोटाले संविधानसभा अध्यक्ष नेम्बाङको निधनको खबरले स्तब्ध बनाएको बताएका छन् । शोक वक्तव्य जारी गर्दै उनले दिवङ्गत नेम्बाङप्रति श्रद्धाञ्जलीर परिवारजनमा समवेदना व्यक्त गरेका छन् । संविधानसभाबाट संविधान निर्माण गरी जारी गर्ने प्रक्रियामा नेम्बाङको अतुलनीय योगदान रहेको पूर्वसभामुख सापकोटाले स्मरण गरे । नेम्बाङले शालीन र समन्वयकारी भूमिकामार्फत सिङ्गो राजनीतिक बृत्तमा फरक छवि र पहिचान निर्माण गर्न सफल भएको उल्लेख गर्दै उनले नेपाली कम्युनिष्ट आन्दोलनको नेतृत्व तहमा रहेर लोकतन्त्र, सामाजिक न्याय र समतामूलक समाज निर्माणमा पुर्याएको योगदान सधैँ स्मरणीय रहने बताए ।



**नारायण काफले:** संसदीय मामिला पत्रकार समाजका पूर्व अध्यक्ष नारायण काफ्ले भन्छन्, ‘संसदीय खुलापन, संसदीय अभ्यास र सञ्चार जगतको पहुँच स्थापित गराउने हिसाबले उहाँ हाम्रो अभिभाव नै हुनुहुन्थ्यो, संसदीय पत्रकारले एक मार्गदर्शक गुमाएको छ ।’ संविधानसभाका अध्यक्ष एवम नेकपा (एमाले) का उपाध्यक्ष सुवास नेम्बाङको निधनसँगै संसद् र संसदीय मामिलासम्बन्धी विधामा काम गर्ने सञ्चारकर्मीको सूचनाको प्रमुख स्रोत गुमेको उनको भनाई छ ।


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट प्रकाशित हक दावि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !

यसमा जिल्ला धनुषा गा.वि.स. मुखियापट्टी मुसहरनियाँ वडा नं. ८ हाल मुखियापट्टी गा.पा. वडा नं. १ मा बस्ने रामकिसुन यादवको बुहारी दृयपाल यादवको श्रीमती जरन्ती देवीको मिति २०७९।०७।१५ को दिने आफ्नै कालगतिले प्रलोक भई सकेको निजको पतीको पनि मिति २०२५।०२।१० गतेमा नै मृत्यु भई निज मृत्यु पश्चात हकभोग खाने निज दम्पतिको छोराको जाय जम्मा नभएको छोरीहरुको हकमा एकमात्र छोरी हिरा देवी यादव रहेको निज बाहेक अन्य कोहरु हकदार नरहेको एकमात्र छोरी हिरा देवी जग्गा धनी जरन्ती देवीको तपसिलमा रहेको जग्गाको मेरो नाममा एकलौटी नामसारी गरी पाउँ भनी माग निवेदन भएको र सोही अनुसारको मुखियापट्टी मुसहरनिया गाउँपालिका १ ले वडा कार्यालयको च.नं. ८४ मिति २०८०।०५।०३ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसारको सनाखत भएको।

यस जग्गा धनी मृत्यु पश्चात हकखाने नि निवेदक बाहेक अन्य कोही हकखाने हकदा भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यि निवेदकहरु को नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफूसँग भएको सबुत प्रमाण लिई दावि उजुरी गर्न यस कार्यालयमा आउनुहोला म्याद भित्र दावि उजुरी नपरी म्याद समाप्त भए पछी कानून बमोजिम मु.दे.स. २०७४ को परिच्छेद ११ को दफा २३९(१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचनाद्वारा सूचित गरिएको छ।

तपसिल

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | मुखियापट्टी मुसहरनिया | ९ख | २ | ०-१-६ | |
| धनुषा | मुखियापट्टी मुसहरनिया | ९ख | ३९ | ०-०-९ | |
| धनुषा | मुखियापट्टी मुसहरनिया | ९ग | १८ | ०-०-१८ | |
| धनुषा | मुखियापट्टी मुसहरनिया | ८क | ७०० | ०-४-१० | |
| धनुषा | मुखियापट्टी मुसहरनिया | ७ | ११२९ | ०-०-१०-६ | |
| धनुषा | मुखियापट्टी मुसहरनिया | ७ | १२०९ | ०-०-९-८ | |
| धनुषा | मुखियापट्टी मुसहरनिया | ९ख | ४४३ | ०-०-१२ | |

ईति सम्बत् २०८० साल भाद्र १९ गते रोज ३ शुभम् ............................................।

**समृद्धि र सबलिकरण निरन्तर प्रयास र संघर्षबाट मात्र सम्भव छ ।**
–नेपोलियन हिल

## सम्पादकीय

# शान्ति प्रक्रियाका समन्वयकर्ता

नेकपा एमालेका उपाध्यक्ष एवम् एमाले संसदीय दलका उपनेता सुवास चन्द्र नेम्बाङको निधन भएको छ । मंगलबार बिहान शौचालयमै लडेको अवस्थामा उद्धार गरेर अस्पताल पु¥याउँदा उनको निधन भइसकेको पाइएको हो । २०५६ सालदेखि इलामबाट निरन्तर सांसद रहेका नेम्बाङ राष्ट्रपतिको निर्वाचनमा एमालेबाट उम्मेदवारसमेत बनेका थिए । उनी संविधान सभाका अध्यक्ष भएर शान्ति प्रक्रियाका धेरै काम गरेका राजनीतिज्ञ हुन् । विद्रोही माओवादीदेखि मधेशका मुद्दामा पनि समन्वयकर्ता बनेर राज्य र माग राख्नेलाई सहमतिको वातावरण बनाउने काममा लचिलोसँग प्रस्तुत हुने र कडा स्वभावका नेतालाई पनि नरम बनाउने काममा नेम्बाङको मेहनत लोभलाग्दो थियो । उनै नेम्बाङको हठात् मृत्यु आमजनताले पत्याउन पनि सकेका थिएनन् । यद्यपि उनको हृदयाघातबाट निधन भएको अस्पतालले पुष्टि गरेको छ । सरकारले सांसद, संविधानसभा अध्यक्ष, सभामुख भएका नेम्बाङको सम्मानमा सार्वजनिक बिदासहित राजकीय सम्मानको घोषणा गरेको छ । एमालेले मंगलबार दिनभर उनको शव पार्टी कार्यालयमा श्रद्धाञ्जलीका लागि राखेको थियो । काठमाडौँमा उपलब्धजति सबै भ्याएसम्म मिलाएर पुगेका थिए । नेम्बाङलाई भावपूर्ण श्रद्धाञ्जली दिनेको भिड ठूलो थियो ।

२०६२÷६३ को जनआन्दोलनपछि पुनःस्थापना भएको संसददेखि नै नेम्बाङको भूमिका अहम देखिएको थियो । उनले विद्रोहीपक्षको कडापन र संसदीय अभ्यासमा अभ्यस्त संसदवादी दलहरुको कडापनलाई सहमतिका लागि प्रयास गरिरहे । सबैका कुरा सुनेर सहमतिको विन्दु खोज्ने काममा समन्वयको मियो बनेर नेम्बाङ अडिग रहिरहे । उनको भूमिकाले नै रिसरागलाई सहमतिको विन्दुमा हस्ताक्षर गर्ने बनाउने काम भएको थियो । सत्तापक्ष र सत्तामा आएपछि पनि विद्रोही राग बोकेको विद्रोही पक्षलाई मिलाउने काममा साँच्चै नेम्बाङको लोभलाग्दो समन्यवलाई नेपाली जनताले युगयुग सम्झिरहने छन् । संविधान निर्माणको पाटोमा नेम्बाङले रोजेको बाटोमै दलहरु हिँडे । सहमतिको विन्दुमा पुगे । र, नेपालीले आफ्नै संविधान पाए । नेपाली जनताको संविधान जारी गर्ने कामको श्रेय पनि नेम्बाङलाई जान्छ । यो सबै श्रेयका श्रेयस्कर राजनीतिक पात्रहरुमध्ये अग्रपंक्तिमा रहने पात्र हुन् ।

नेम्बाङ कुशल राजनीतिज्ञ हुन् । राजनीतिक परीक्षणमा पास भएका अनुहार हुन् । यसको पृष्ठभूमिमा उनी वरिष्ठ अधिवक्ता हुन् । कानुनका प्राध्यापक पनि हुन् । उनले कानुन पढाए, वकालत गरे । पारिवारिक पृष्ठभूमि कानुन नै थियो । नेम्बाङका बुबा सिन्धुलीमा न्यायाधीश थिए र तत्कालीन पञ्चायतका बडाहाकिमसँगको टसलपछि बुबाले जागिर छाडे । उसो त अहिले नेम्बाङका छोरा पनि अधिवक्ता छन् । कानुन व्यवसायी बनेर न्यायालयमा अधिवक्ताको भूमिका निभाइरहेका छन् । अर्थात् एउटा परिवारको तीन पुस्ता वकालतमा सक्रिय छन् । यो एउटा छवि र इतिहास छ । अतः नेम्बाङको राजनीतिक योगदान अलग्गै र सम्मानयोग्य हुनुमा पारिवारिक पृष्ठभूमिले पनि काम गरेको पाइएको छ । नेपाली राजनीतिमा एउटा सम्मानयोग्य अनुहारको अस्त भएको छ । संविधान निर्माणमा अतुलनीय योगदान गरेका संविधान सभा अध्यक्ष, सभामुख, कानुनविद्, संविधानविद्, कुशल अभिभावक र राजनीतिक दलहरुको समन्वयकर्ता नेम्बाङप्रति भावपूर्ण श्रद्धासुमन ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# भदौ महिनाका विशेषतासित निम्नवर्गको सम्बन्ध

*यदि भदौमा सुख्खा खडेरी हुन्छ भने त्यो पनि नराम्रो हुन्छ । सबैभन्दा नराम्रो किन हुन्छ भने भदौमा किसानको धान सप्रिने बेला हुन्छ र यदि यस्तोमा खडेरी प¥यो भने सबै श्रम र लगानी घामले सुक्ने डर हुन्छ । यसकारण किसानहरु भदौको खडेरीको नामै सुनेर डराउँछन् । भदौ त छिनमा पानी पर्ने र छिनमा उखरमाउलो गर्मी हुने महिनाको द्योतक हो । यसैले गाउँघरमा अहिले पनि भन्ने गरिन्छ – भदौ महिनाको मौसमलाई चिन्न सकिँदैन । एउटा खेतमा पानी पर्छ र अर्को खेतमा घाम लाग्न सक्छ । यस महिनाको मौसमलाई व्यंग्य गर्दै भनाइ प्रचलनमा रहेको छ । अलिकति पनि विश्वसनीय नहुने महिना भदौको मौसम प्रवृत्ति रहेको किसानहरुको बुझाइ छ । यदि वर्षा र झरी प¥यो भने पनि निकै ठूलो समस्या निम्त्याउँछ । गाउँघरमा सबैभन्दा बढी डर भदौ महिनाकै किन भएको देखिन्छ भने यदि वर्षा र झरी प¥यो भने ठूलै पर्छ । ठूलो वर्षा र झरीले बाढी ल्याउने सम्भावना हुन्छ । यदि भदौ महिनामा बाढी आउँछ भने ठूलै आउँछ । ठूलो बाढीले धेरै क्षति पु¥याउँछ ।*



सञ्जय साह मित्र

भदौ महिनालाई ग्रामीण साधारण गरिब किसानले तेह्रौँ महिनाको रुपमा लिने गरेका छन् । यस महिनामा आयको कुनै स्रोत हुँदैन । खेतीपातीमा लगानी गइसकेको हुन्छ । महँगो बिउ, मल तथा रोपाईँ, गोडमेल सबैमा लगानी गरिसकेपछि साधारण किसानलाई बिक्रीको लागि पनि केही हुँदैन । भदौ महिनामा किसानको हातमा पैसा त हुँदैन तर सबैभन्दा बढी बिरामी पर्ने महिना भने यही हुन्छ । अझ यदि केटाकेटी पढ्नलायक छन् भने यसै महिनामा क्याम्पसमा भर्ना हुने समय हुन्छ । क्याम्पसमा भर्ना हुनको लागि चाहिने रकम जुटाउन किसानलाई निकै समस्या हुन्छ । यसको लागि कि ऋण लिनुपर्छ कि त पशुधनलाई बेच्नुपर्छ । अन्य खासै उपाय नहुँदा धेरै समस्या हुनलाई अस्वाभाविक मान्न सकिँदैन ।

भदौ महिनाका साधारण गरिब किसानको लागि बढी समस्यामूलक किन पनि हुन्छ भने यस महिनामा जे हुन्छ अलिक चर्के हुन्छ । उदाहरणको लागि भदौ महिनामा यदि घाम चर्किन्छ भने निकै चर्को घाम हुन्छ । भदौ महिनाको घामलाई लिएर देहाततिर एउटा भनाइ प्रचलनमा रहेको छ – अन्य कुनै महिनामा सुकाउन नसकिएको छाला चर्मकारले भदौमा सुकाउँछन् रे । यसको अर्थ यो हो कि यस महिनाको घाम निकै चर्को हुन्छ । सर्वसाधारण विपन्न समुदायको जिउमा कुनै महिनामा घमौरा आउँदैन तर यही महिनाको चर्को घामले भने घमौराको उपहार दिन्छ । यदि घाम चर्को हुन्छ भने निसन्देह घाउ, खटिरा पनि हुन्छ । र, गाउँघरमा सबैभन्दा बढी घाउखटिरा आउने महिनाको रुपमा यही भदौलाई नै लिएको पाइन्छ । यसरी छाला सुकाउन तथा छालाको रोग दुवैका लागि यस महिनाको घामले दुर्नाम कमाएको हुन्छ । भदौ महिनाको घाम जब निकै चर्किन थाल्छ तब किसानलाई भने निकै डर हुन थाल्छ । यसको कारण यो पनि हुन्छ कि कतै सुख्खा खडेरी नपरोस् । यदि भदौमा सुख्खा खडेरी हुन्छ भने त्यो पनि नराम्रो हुन्छ । सबैभन्दा नराम्रो किन हुन्छ भने भदौमा किसानको धान सप्रिने बेला हुन्छ र यदि यस्तोमा खडेरी पर्‍यो भने सबै श्रम र लगानी घामले सुक्ने डर हुन्छ । यसकारण किसानहरु भदौको खडेरीको नामै सुनेर डराउँछन् ।

भदौ त छिनमा पानी पर्ने र छिनमा उखरमाउलो गर्मी हुने महिनाको द्योतक हो । यसैले गाउँघरमा अहिले पनि भन्ने गरिन्छ – भदौ महिनाको मौसमलाई चिन्न सकिँदैन । एउटा खेतमा पानी पर्छ र अर्को खेतमा घाम लाग्न सक्छ । यस महिनाको मौसमलाई व्यंग्य गर्दै भनाइ प्रचलनमा रहेको छ । अलिकति पनि विश्वसनीय नहुने महिना भदौको मौसम प्रवृत्ति रहेको किसानहरुको बुझाइ छ । यदि वर्षा र झरी प¥यो भने पनि निकै ठूलो समस्या निम्त्याउँछ । गाउँघरमा सबैभन्दा बढी डर भदौ महिनाकै किन भएको देखिन्छ भने यदि वर्षा र झरी प¥यो भने ठूलै पर्छ । ठूलो वर्षा र झरीले बाढी ल्याउने सम्भावना हुन्छ । यदि भदौ महिनामा बाढी आउँछ भने ठूलै आउँछ । ठूलो बाढीले धेरै क्षति पुर्‍याउँछ । यस महिनाको क्षति घर र खेत दुवैतिर अत्यन्त ठूलो हुन्छ । खेतमा वर्षभरिको आशा नै बगाउने डर हुन्छ भने यदि घर भत्कियो भने जीवनभरको कमाइ जाने हुन्छ । अझ वर्षा र बाढीको प्रकृतिले भने निकै डर ल्याएको हुन्छ । नदी किनारका गाउँमा भने अन्य गाउँको तुलनामा केही बढी डर हुन्छ । भदौ महिनाबाट सतर्कताको लागि मानिसलाई कुनै उपाय पनि हुँदैन ।

गाउँघरमा भदौ महिनामा रोग, महामारी तथा अन्धविश्वासका हल्लाहरु ब्ढी फैलिने समयको रुपमा पनि लिइएको पाइन्छ । दिउँसो झिँगा र राति मच्छरले दुःख दिने महिना हो यो । दुई चार दिन वर्षा हुँदा न घरभित्र बस्न मन लाग्छ र न त बाहिर जान नै सजिलो हुन्छ । साउनमा वर्षा हुँदा खेतीको बढी चिन्ता हुन्छ । वर्षा नहुँदा पनि खेतीकै चिन्ता हुन्छ । यसकारण सर्वसाधारण किसानले साउन महिनामा जति धेरै पानी परे पनि त्यसलाई शुभ नै मानेका हुन्छन् । पानी परेर खेतमा पानी लाग्यो, जम्यो वा बाढी नै आयो भने पनि त्यत्ति धेरै क्षति हुन पाउँदैन । क्षतिको भरपाई मौसमले र समयले नै गर्ने विश्वास हुन्छ तर भदौ महिनामा खेतीमा क्षति हुँदा भरपाई गर्नृ सकिने अवस्था किसानका अगाडि हुँदैन । किसान विकल्पहीन हुन्छन् । भदौमा धेरै वर्षा होओस् भन्ने कामना किसानको हुँदैन । बिल्कुलै पानी परेन भने धानमा रोग बढी लाग्ने तथा धानमा घाँस बढी उम्रिने हुन्छ । यस महिनामा किसानहरु उचित र सम्यक वर्षा चाहन्छन् । वर्षा यत्ति होओस् कि धेरै गर्मी नहोओस्, धेरै घाम नलागोस् तर घाम लागोस्, खेतमा धेरै घाँस उम्रिन नपाओस्, धान हुर्कियोस्, धानको अनुहार सदैव हरियो रहोस्, रोग नलागोस् । यदि सुख्खा हुन्छ भने खेतको पानी बढीमा एक हप्ताको लागि मात्र सुकोस् अन्यथा नसुके पनि केही फरक पर्दैन ।

हुन त सर्वसाधारणको लागि गर्मी नै बढी खतरनाक हुन्छ । भदौमा जति धेरै गर्मी हुन्छ, लामखुट्टेको आतंक उत्ति धेरै बढी हुन्छ । लामखुट्टेले दिउँसो पनि आक्रमण गर्न थाल्छ । गत केही वर्षदेखि दिउँसै टोक्ने लामखुट्टेबाट फैलिने रोगले गर्दा समाजमा त्रास बढेको छ । समाचारहरुमा सधैँ आइरहन्छन्, दिउँसो टोक्ने र राति टोक्ने लामखुट्टे फरक हुन्छन् रे । राति टोक्ने मच्छर कम खतरनाक हुने होइन तर दिउँसो टोक्ने चाहिँ अझ बढी खतरनाक हुन्छ रे ।

गर्मीले मच्छरको वृद्धि र विकासमा सहयोग गरेको हुन्छ अर्थात् भदौ महिनाको घामले मच्छरको वृद्धिमा सहयोग गरेको हुन्छ । फेरि पनि पानी परेर रोकिएको भदौको साँझमा मच्छर धेरै आउने हुन्छ भनिन्छ । दिउँसो, साँझ र राति सबै समयमा मच्छरको सर्वाधिक डर हुने चाहिँ भदौमै हो । पशुपालक किसानहरु यसैकारण मनोवैज्ञानिक रुपमा विश्वस्त हुन्छन् – भदौ महिनामा अन्य महिनाको तुलनामा पशुधनले मच्छर र झिँगाको कारणले निकै कम दूध दिन्छ । भदौले धेरै सताउने गरेको किसानहरुको अनुभव छ ।

यदि वर्षा नै वर्षा भइरह्यो भने भदौ महिनामा जाडो पनि धेरै हुन बेर लाग्दैन । यस प्रकारको जाडोले मानिसलाई बिरामी नै बनाउँछ । कारण के हो भने भदौ महिना त गर्मी नै हुने सबैको विश्वास हुन्छ । यसले गर्दा भदौको अनुकूल शरीर र मनोविज्ञान तथा वातावरण हुन्छ । यदि यस्तो समयमा झरी परेर हावा चलिरह्यो र घाम लागेन भने अस्वाभाविक जाडो हुन्छ वा अप्राकृतिक जाडो हुन्छ । यसले गर्दा मानिसको स्वास्थ्यमा नकारात्मक प्रभाव पार्दछ र मानिस बिरामी हुन्छन् ।

अर्थतन्त्र कमजोर हुने, विभिन्न समस्या हुने तथा शारीरिक रोग र महामारी आदि बढ्ने भएकाले यस महिनालाई रोगी महिना पनि भन्ने गरिएको छ । विपन्न समुदाय करिब करिब खाली हात हुन्छ । सामान्यतया एक वर्षमा सबैभन्दा बढी बिना उत्पादक क्षेत्रमा सर्वसाधारणले ऋण लिने भनेको यही महिना हो । अन्य समयमा त उत्पादक क्षेत्रमा लगानीको लागि ऋण लिनुपर्ने हुन्छ । यसकारण पनि हो, सर्वसाधारण विपन्न समुदायलाई यो महिना भारी हुन्छ । वास्तवमा भदौ महिना प्राकृतिक कारणले जति प्रसिद्ध छ, आर्थिक कारणले त्यत्ति नै मन नपर्ने महिनाको रुपमा पनि रहेको छ । भन्ने गरिन्छ – भदौको वर्षा ठुलो हुन्छ, भदौको घाम पनि ठुलो हुन्छ । भदौको रात पनि ठुलो हुन्छ । भदौको रातको बारेमा के मान्यता छ भने यदि कृष्ण पक्ष छ भने राति हातको हात देखिँदैन । हातको हात नदेखिनुको अर्थ यो हो कि एक वर्षमा हुने सबै महिनाको कृष्ण पक्षभन्दा भदौ महिनाको कृष्ण पक्षको अँध्यारो गाढा हुन्छ । यसै गरी भदौको शुक्ल पक्षको जून पनि निकै कडा हुन्छ । शुक्ल पक्षमा यदि चन्द्रमा उदाएको रात छ भने धरतीमा आउने जून निकै सफा हुन्छ । चन्द्रमा निकै चम्किलो हुन्छ । एक वर्षको सबैभन्दा बढी चम्किलो चन्द्रमा यसै महिनाको मानिन्छ । यसै महिनाको चन्द्रमा चम्किलो लाग्ने वा जून सबैभन्दा उज्यालो लाग्ने कारण के रहेछ भने आकाश सफा हुन्छ, पर्यावरणीय धुलो र धुँवा आकाशमा कम हुन्छ । यसले गर्दा चन्द्रमा चम्किलो हुन्छ । कवि लेखकहरु शरद पूर्णिमालाई सबैभन्दा उत्तम चन्द्र मान्दछन् तर ग्रामीण लोकजीवनमा भने सबैभन्दा चम्किलो चन्द्रमा भदौको मानिएको पाइन्छ ।

भदौलाई समस्याको महिना त भनिन्छ तर संस्कृतिमा भने यस महिनाको ठुलो योगदान रहेको छ । सामान्यतया साउन महिनाको शुक्ल पञ्चमीदेखि चाडपर्व सुरु हुने विश्वास रहेको हुन्छ । भदौ महिनामा भगवान् श्रीकृष्णको जन्मोत्सव अनि त्यसपछि शुक्ल पक्षमा भदैया रब । साथमा करिब दुई हप्तासम्म चल्ने जरजटिन । हो, अहिले संस्कृति विस्तारै हराउँदै गएको छ तर संस्कृतिको राप भने बाँकी नै छ । यदि अवशेषको रुपमा बाँकी रहेको जरजटिन वा जटजटिनलाई जोगाएर राख्ने अभियान सुरु गर्ने हो भने संस्कृतिको क्षेत्रमा यस महिनाको साँघुरिएको आकार विस्तार हुन सक्थ्यो । अहिलेको समयमा भदौको विशेष संस्कृति दिदी बहिनीहरुको एउटा उत्सव जरजटिन लोप हुने अवस्थामा पुगेको प्रति ध्यानाकृष्ट हुनुपर्ने हो । भदौ नकारात्मक महिनाको रुपमा परिचित रहेको भए पनि यस महिनाले किसानको आशा र सपना पनि बोकेको हुन्छ । जब कुनै किसान खेतको सुन्दर हरियो अनुहार हेर्दछन् तब उनलाई आगामी एक वर्षको भविष्य सुरक्षित लाग्दछ । यही आशा जगाउने महिनाको रुपमा भदौ रहेको पनि मान्न सकिन्छ ।

कृषि मजदुर तथा निम्न वर्गका लागि सबैभन्दा कामै नपाउने महिनाको रुपमा रहेको भदौसित विपन्न समुदायको नकारात्मक सम्बन्ध रहेको छ । पेटले अन्न खोजिरहन्छ, भोक लाग्न छोड्दैन, अन्य आवश्यकताहरुले पनि पछ्याइरहन्छ तर यस महिनाले आगामी महिनाको आशा देखाउनेबाहेक तत्कालको समाधान दिएको हुँदैन । यद्यपि रोजगारीको लागि देशबाहिर गएकाहरुले भने गाउँमा पैसा पठाइरहेका छन् तर गाउँघरमा वा साना सहर तथा काँठमा व्यवसाय गरेकाहरुले पनि यही भन्ने गर्दछन्, भदौमा सबै चौपट्ट छ । कतैबाट कुनै आयको बाटो छैन । यसकारण केही नयाँ कारोबार भने आगामी महिनादेखि सम्भव होला । सायद, यही मनोविज्ञानका कारण ग्रामीण विपन्न समुदायले भदौलाई नै अशुभ महिना मान्दछन् र कुनै नयाँ कामको सुरुआत तथा कुनै शुभ काम गर्न चाहँदैनन्, गर्दैनन् । हातमा पैसा वा रोजगार नभएपछि राम्रो मान्न नमिल्ने हाम्रो सामाजिक दृष्टिकोण नै रहेको छ ।

~~~

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभ्फा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्फ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**वृश्चिक -** तो,ना,नि,नु,ने,नो,या,यि,यु
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरुपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । ब्यर्थ भ्रमण तथा व्यापार ब्यबसायमा नोक्सान होला।

आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।
~~~

# अस्ताए एमाले उपाध्यक्ष नेम्बाङ





**रासस**
**काठमाडौँ ।**
संविधानसभाका अध्यक्ष एवं नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङको हृदयाघातबाट निधन भएको छ । सामान्य रुघाखोकी लागेर घरमा आराम गरिरहेका नेम्बाङलाई शनिबार राति हृदयघात भएपछि उपचारका लागि राति १ः३० बजे त्रिवि शिक्षण अस्पताल लगिएकामा उपचारका क्रममा त्यहीँ निधन भएको उनका स्वकीयसचिव कृष्णप्रसाद काफ्लेले बताए ।

उनीबारे जानकारी लिन प्रधानमन्त्री पुष्पकमल दाहाल, पार्टी अध्यक्ष केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेश तिमिल्सिनालगायत पार्टी नेता अस्पताल पुगेका थिए । विसं २००९ फागुन २८ गते जन्मेका नेम्बाङ नेपाली राजनीतिमा शालीन र सबैलाई मिलाएर जान सक्ने नेताको रूपमा छवि बनाएका थिए ।

**राजनीतिक यात्रा**

स्नातक अध्ययनका क्रममा विसं २०२८ र २०२९ मा अनेरास्ववियुबाट राजनीतिक यात्रामा प्रवेश गरेका नेम्बाङ इलाम बहुमुखी क्याम्पसको स्ववियु सभापति थिए । विसं २०३३ मा राजकाज मुद्दामा केन्द्रीय कारागारमा थुनामा रहँदा कम्युनिष्ट पार्टी को–अर्डिनेसन केन्द्र (माले)मा सङ्गठित एमाले केन्द्रीय न्यायिक समिति सदस्य हुँदै एमालेको उपाध्यक्षको जिम्मेवारी सम्हाल्दै आएका थिए । विसं २०४८ देखि २०५२ सम्म राष्ट्रियसभा सदस्य, २०५६, २०६४, २०७०, २०७४ र २०७९ मा इलाम–२ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेम्बाङ पार्टी संसदीय दलको उपनेता र पार्टी उपाध्यक्षको जिम्मेवारीमा थिए । नेम्बाङ विसं २०६३ मा पुनःस्थापित प्रतिनिधिसभाका सभामुख, विसं २०६४ व्यवस्थापिका संसद्को सभामुख, विसं २०६५ एवं २०७० मा संविधानसभाका अध्यक्ष/सभामुख थिए ।

उनले विसं २०३२ देखि २०६३ सम्म मुलुकमा भएको राजनीतिक आन्दोलनमा पटक–पटक गरी सात महिना थुनामा रहेका नेम्बाङ २०५१ सालमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री, सामान्य प्रशासनमन्त्री, सार्वजनिक लेखासमितिको सभापतिको जिम्मेवारी सम्हालेका थिए । त्यसैगरी विसं २०३५ देखि २०४२ सम्म नेपाल ल क्याम्पसमा प्राध्यापन गर्नुभएका स्व नेम्बाङ वरिष्ठ अधिवक्तासमेत रहेका थिए ।

**नेम्बाङप्रति श्रद्धाञ्जली व्यक्त**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ललितपुरको च्यासलस्थित नेकपा एमालेको केन्द्रीय कार्यालय गएर त्यहाँ राखिएको पूर्वसभामुख सुवास नेम्बाङको पार्थिव शरीरमा फूलमाला चढाई श्रद्धाञ्जली अर्पण गरेका छन् । यस्तै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पनि च्यासलस्थित एमाले केन्द्रिय कार्यालय जानु भई पूर्वसभामुख नेम्बाङलाई श्रद्धाञ्जलीदिएका छन् । यसैगरी सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेश तिमिल्सिना, नेपाली कांग्रेसका सभापति एवम पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवम पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल, उपसभामुख इन्दिरा राना मगर, उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पूर्णबहादुर खड्का, अर्थमन्त्री डा प्रकाशशरण महत, सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीलगायत नेम्बाङलाई श्रद्धाञ्जलीदिन च्यासल पुगेका थिए । यस्तै एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेल, एमाले उपमहासचिव प्रदीप ज्ञवाली, एकीकृत समाजवादीका नेता प्रेमबहादुर आलेलगायत नेताहरुले पूर्वसभामुख नेम्बाङप्रति श्रद्धाञ्जलीअर्पण गरेका छन् ।

\ सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री शर्माले पूर्वसभामुख नेम्बाङले लोकतान्त्रिक आन्दोलन र संविधान निर्माणमा खेलेको भूमिकाको उच्च सम्मान गर्दै सरकारले राजकीय सम्मान प्रदान गरी अन्त्येष्टि गर्ने र त्यस दिन सार्वजनिक बिदा दिने निर्णय गरेको बताइन् ।

**समाजवादी मोचाद्वारा दुःख व्यक्त**

समाजवादी मोर्चा नेपालले संविधानसभा अध्यक्ष एवं नेकपा एमाले उपाध्यक्ष सुवास नेम्बाङको निधनमा दुःख व्यक्त गरेको छ । मोर्चाका संयोजक माधवकुमार नेपालले मंगलबार एक विज्ञप्ति जारी गर्दै नेता नेम्बाङको निधनबाट मुलुकले लोकतान्त्रिक आन्दोलनका योद्धा गुमाएकामा दुःख व्यक्त गरेको हो । विज्ञप्तिमा असल र सादगी नेता नेम्बाङको आत्माको चिर शान्तिको कामना तथा शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरिएको छ ।

कम्युनिष्ट आन्दोलनको विकास तथा समाजवादी आन्दोलनमा ठूलो योगदान गरेका नेम्बाङको निधनको खबरले आफू स्तब्ध भएको उनको भनाइ छ । नेपालले लोकतन्त्रको स्थापना तथा संविधान निर्माणमा उनले निर्वाह गरेको योगदानको स्मरण गरेका छन् । गएराति हृदयाघातका कारण नेम्बाङको उपचारका लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल लैजाने क्रममा बाटोमा निधन भएको थियो । यसैबीच राष्ट्रिय जनमोर्चाले पनि विज्ञप्तिमार्फत उनको निधनमा दुःख व्यक्त गर्दै शोक प्रकट गरेको छ ।

# राजनीतिमा 'सुवास' छरेर अस्ताए नेम्बाङ



**रासस**
**इलाम**
इलाम क्षेत्र नं २ का सङ्घीय सांसद सुवासचन्द्र नेम्बाङको अप्रत्यासित निधनले इलाम शोकमग्न भएको छ । उनी विसं २०५६ देखि इलामबाट लगातार संसदीय चुनाव जितेर सांसद रहँदै आएका थिए । उनी हाल नेकपा (एमाले) संसदीय दलको उपनेतासमेत थिए ।

राष्ट्रिय राजनीतिमा सहमति, सहकार्य र एकताका सूत्रधार एवं इमान्दार छवि बनाएका नेम्बाङ जिल्लाबासीका लागि 'राजनीतिक मियो' थिए ।

इलामबजार नजिकै सुन्तलाबारमा जन्मिएका नेम्बाङ इलाम क्याम्पसमा पढ्दा अनेरास्ववियुमा लागेर २०२९ सालमा कम्युनिष्ट राजनीतिमा होमिएका थिए ।

विसं २०३३ मा राजद्रोह मुद्दामा उनी केही समय जेल परे । उनी जनआन्दोलन विसं २०६२÷६३ सँगै पुनःस्थापित संसद्का सभामुख भएका थिए ।

विसं २०६४ र २०७० मा पनि इलामबाट चुनाव जितेर संविधानसभाको अध्यक्ष भएका थिए ।

संविधानसभाबाट नेपालको संविधान जारी गर्न उनले समन्वयकारी भूमिका निर्वाह गरेका थिए । चारपटक सभामुख हुँदा उनी सधैँ सर्वसम्मत नै बने ।

**गृहजिल्ला शोकमग्न**

नेम्बाङको निधन भएको खबर पाएसँगै जिल्ला तहका विभिन्न राजनीतिक दल, नेता, सामाजिक अभियान्ता, विद्यार्थीलगायतले दुःख व्यक्त गरेक छन् ।

नेम्बाङको निधनबाट देशले अपूरणीय क्षति व्यहोर्नुपरेको अधिकांशको भनाइ छ ।

इलाम क्षेत्र नं १ का सांसद महेश बस्नेतले इलामको मियो ढलेको बताए । उनले देश र जनताका लागि पु¥याएको योगदान अतुलनीय हुने जनाउँदै देशले नै शोक मनाइरहेको बताएका छन् ।

गत आमनिर्वाचनमा नेम्बाङसँग थोरै मतान्तरले पराजित भएका नेपाली कांग्रेस इलामका सभापति डम्बर खड्काले उनलाई इलामले सधैँ सम्झिरहने बताए ।

'पटक–पटक यस क्षेत्रको प्रतिनिधित्व गर्दै सुवास दाइले इलामको चौतर्फी विकासमा ठूलो योगदान दिनुभएको छ', उनले भने, 'इलामका बालबच्चादेखि वृद्धवृद्धासम्म सबैको सधैँ प्रिय भएरै बिदा हुनुभयो ।' 'उहाँ पार्टीको मात्र नभएर सारा नेपालीको नेता हुनुहुन्थ्यो', नेकपा (एकीकृत समाजवादी) इलामका अध्यक्ष भक्त केसीले भने, 'उहाँको अभाव नेपाली राजनीतिमा सधैँ खड्कने छ ।'

राजजनीतिमा खासै चासो नभएको बताउने इलामका विद्यार्थीसमेत नेम्बाङको निधनले दुःखी भएको बताउँछन् । इलाम क्याम्पसमा अध्ययनरत विद्यार्थी रोशन सापकोटाले भने, 'म धेरै राजनीति त जान्दिनँ तर उहाँको व्यक्तित्वबाट प्रभावित थिएँ ।

एकाबिहानैको खबरले स्तब्ध भएँ ।' नेकपा (माओवादी केन्द्र)का जिल्ला नेता रञ्जित श्रेष्ठले कम्युनिष्ट शक्तिहरूलाई एक बनाएर लैजानमा उनले चालेको कदम बिर्सन नसकिने बताउँछन् ।

'कम्युनिष्टहरू एक भएर आएमा मात्र यो देश समृद्ध बन्छ भन्नेमा उहाँ प्रष्ट हुहुन्थ्यो', उनले भने, 'सुवास सरको निधनले इलामलाई मात्र होइन, देशको कम्युनिष्ट आन्दोलन नै कमजोर हुनसक्ने देख्छु ।' माईजोगमाई गाउँपालिकाका अध्यक्ष कुशबहादुर थेबेले भने, 'उहाँले देखाउनुभएको बाटोमा इलाम अघि बढ्नेछ । उहाँले पूरा गर्न नसकेका समृद्ध इलामको सपना हामी सबै मिलेर पूरा गर्नुपर्छ ।'



# सहमति, सहकार्य र एकताको मियो थिए नेम्बाङ

नेपाली राजनीतिमा निकै परिपक्क, शालीन, समन्वयकारी र सबैलाई मिलाएर लैजान सक्ने साझा व्यक्तित्वको छवि बनाएका संविधान सभाध्यक्ष सुवास नेम्बाङको निधनले नेपाली राजनीतिमा अपूरणीय क्षति पुगेको छ । विसं २००९ मा माता अपिन्द्रकुमारी र पिता रामबहादुर नेम्बाङको सुपुत्रका रूपमा जन्मिएका नेम्बाङ नेपालको राजनीति र संवैधानिक क्षेत्रकै सुपरिचित व्यक्तित्व थिए । उनले प्रतिनिधिसभा र अन्तरिम व्यवस्थापिकको सभामुख तथा पहिलो र दोस्रो संविधानसभा अध्यक्ष, नेकपा (एमाले)को उपाध्यक्ष र संसदीय दलको उपनेताको जिम्मेवारी सम्हाले । इलाम नगरपालिका–७ सुन्तलाबारी स्थायी ठेगाना रहेका नेम्बाङ पछिल्लो समय बालुवाटारस्थित निजी निवासमा बस्दै आएका थिए । प्राध्यापन, वकालत र राजनीतिलाई पनि उनले सँगसँगै अघि बढाएका थिए । उनको सबैलाई मिलाएर लैजान सक्ने समन्वयकारी क्षमताले समकालीन नेपाली राजनीतिका पत्याइएका अभिभावकजस्तै थिए । संसद् सञ्चालनका क्रममा तत्काल आएका चुनौतीलाई सहजरूपमा अघि बढाउन खप्पिस नेम्बाङ प्रतिवाद गर्ने नेता तथा सांसदलाई व्यङ्ग्यात्मक र मीठो शैलीमा जवाफ दिएर सभालाई रोचक बनाउथे । विसं २०५६, २०६४, २०७०, २०७४ र २०७९ को चुनावमा इलाम निर्वाचन क्षेत्र नं २ बाट विजयी नेम्बाङले नेपालको संसदीय लोकतान्त्रिक अभ्यासमा आफूलाई परिपक्क राजनीतिज्ञको रूपमा प्रमाणित गराउन सफल थए । पार्टीभित्र कतिपय मुद्दामा फरक विचार र धारणा राख्दै आएका नेम्बाङ पछिल्लोपटक दलले गर्दै आएको संसद् अवरोधप्रति असहमति जनाउँदै अभिव्यक्ति दिएका थिए । दलहरूबीच बेलाबखत घटना विशेषका कारण देखिने तिक्ततालाई निरन्तर वार्ता र संवादबाट सहमतिमा पुग्न सकिने धारणा राख्ने नेम्बाङले सबैसँग भेटघाट र वार्ता छलफलका लागि सहज थिए । सञ्चारकर्मीसँग निरन्तर सम्पर्कमा रहने नेम्बाङ कुनै घटना र सूचना प्राप्त गर्नासाथ त्यसको पुष्ट्याइँ र सूचना दिन निकै सहज थिए । उनका पिता स्व रामबहादुर न्यायाधीश थिए भने छोरा सुहाङ नेम्बाङ पनि कानुन व्यवसायी नै छन् । कानुनसहित दुई विषयमा स्नातक नेम्बाङ लामो समय प्राध्यपन पेसामा रहेकाले पार्टी प्रशिक्षणमा पनि अब्बल थिए । उनकी श्रीमती, दुई छोरा र दुई छोरी छन् । सधैँभर सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा रहने नेम्बाङ गत शनिबार गृहजिल्ला पुगेर फर्केपछि रुघाखोकी लागेका कारण आएका थिएनन् ।

संविधानसभाबाट संविधान जारी गर्ने क्रममा उनले खेलेको भूमिका निकै महत्त्वपूर्ण रहेको उनका सहकर्मी नेताहरू बताउँछन् ।

लोकतान्त्रिक समाजवादी पार्टीका नेता लक्ष्मणलाल कर्ण उनको योगदान स्मरण गर्दै भन्छन्, 'संविधानसभाबाट संविधान जारी गर्न उनको ठूलो योगदान छ, जसरी भए पनि संविधान जारी गर्नुपर्छ भनी त्यसबेला निकै चिन्तित हुनुहुन्थ्यो ।' मुलुकका ऐन र कानुनप्रति धेरै जानकार भएका कारण उनले कानुनीरूपमा आउन सक्ने अड्चन र मार्गचित्रबारे सबै नेताहरूले सहजरूपमा स्वीकार गर्ने गरेको घटना नेता कर्णले सुनाए ।

नेता कर्ण भन्छन्, 'गाली गरे पनि हाँस्ने व्यक्ति, सबै दलका नेतासँग मित्रभाव राख्ने नेम्बाङ उच्चकोटीको राजनीतिज्ञ हुनुहुन्थ्यो ।'

## राजकीय सम्मानका साथ अन्त्येस्टि

सरकारले संविधानसभाका अध्यक्ष सुवास नेम्बाङको राजकीय सम्मानका साथ अन्त्येष्टि गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मंगलबार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले संविधानसभा अध्यक्षको निधनप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति सरकारले समवेदना प्रकट गरेको छ । संविधान निर्माण प्रक्रियामा उनले गरेको योगदानप्रति सम्मान प्रकट गर्दै सरकारले राष्ट्रिय सम्मान दिने निर्णय गरेको संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले जानकारी दिए । मन्त्री किरातीका अनुसार सरकारले उनको अन्त्येष्टिका दिन सार्वजनिक बिदा दिने निर्णय भएको छ ।

## पार्टी कार्यालयमा राखियो नेम्बाङको पार्थिव शरीर

नेकपा (एमाले) का उपाध्यक्ष एवं संविधानसभा अध्यक्ष सुवास नेम्बाङको पार्थिव शरीर श्रद्धाञ्जलिका लागि पार्टी कार्यालय ललितपुरको च्यासलमा राखिएको छ । पार्टी कार्यालयमा पुगेर सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, एमाले अध्यक्ष केपी शर्मा ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरु युवराज ज्ञवाली, रामबहादुर थापा, विष्णु पौडेल र अष्टलक्षी शाक्य, सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहोरा, उपमहासचिव प्रदीप ज्ञवालीलगायतले श्रद्धाञ्जलीअर्पण गरेका थिए । त्यसैगरी एमालेका शीर्ष नेता कार्यकर्ता, शुभेच्छुकहरु श्रद्धाञ्जलिका लागि त्यहाँ पुगिरहेका छन् ।

## एमालेले तीन दिनसम्म शोक मनाउने



नेकपा (एमाले)ले उपाध्यक्ष सुवासचन्द्र नेम्बाङ्को निधनप्रति तीन दिन शोक मनाउने भएको छ । ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा मंगलबार बसेको सचिवालय बैठकले पार्टीमा योगदानको मूल्याङ्कन गर्दै नेता नेम्बाङको सम्मानमा विशेष शोक प्रस्ताव पारित गर्दै तीन दिनसम्म देशभरिका पार्टी कार्यालयको झण्डा आधा झुकाउने निर्णय गरिएको एमाले कार्यवहाक महासचिव प्रदीप ज्ञवालीले जानकारी दिए । उनका अनुसार तीन दिनसम्म पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालय तथा इलाम निर्वाचन क्षेत्र नं २ मा शोक पुस्तिका राखिने छ । पार्टी र पार्टी सम्बन्ध जनवर्गिय सङ्गठनको औपचारिक कार्यक्रम तीन दिनसम्म स्थगित गरिएको नेता ज्ञवालीले जानकारी दिए । यसैगरी पार्टीले असोज २ गते पार्टी मुख्यालयमा विशेष श्रद्धाञ्जलिसभा गर्ने निर्णयसमेत गरेको उनले बताए ।

# मार्केटिङको जागिरले बनायो उद्यमी



**रासस**
**चितवन ।**
रोजगारीमा लागेपछि त्यसमा राम्रो काम देखाउने, पदोन्नति हुने, राम्रो सेवा र सुविधा पाउने उद्देश्य धेरैको हुन्छ । जुन क्षेत्रमा रोजगारी पाइएको हो त्यस्तै उद्योग आफैँले सञ्चालन गरिएला भन्ने कल्पना कमैले मात्रै गरेका हुन्छन् ।यहाँका एक युवा आयुर्वेद औषधिको बजारीकरण (मार्केटिङ) को काम गर्दागर्दै आफै उद्योगी बनेका छन् । भरतपुर महानगरपालिका–६ गीतानगर निवासी चक्रपाणि न्यौपाने त्यस्तैमध्ये एक हुन् ।

उनले केही समय आयुर्वेदको मार्केटिङ गरेपछि आफै उद्योग सञ्चालन गरेका छन् । विसं २०३७ मा स्याङ्जाको मिर्मिमा जन्मिएका न्यौपाने विसं २०४२ मा परिवारसहित चितवनको गीतानगर झरे । स्थानीय कलेजबाट स्नातकसम्म अध्ययन गरेपछि उनले एशियन हर्बल उद्योगका सामान मार्केटिङ गर्न थाले । पच्चिस वर्षको उमेरमा काम थालेका न्यौपानेमा चार वर्ष मार्केटिङ गरेपछि आफै उद्योग सञ्चालन गर्ने सोच आयो ।आफन्त र दाजुभाइको सहयोग तथा बैंकको ऋणसहित २० लाख रुपैयाँ हाराहारीको लगानीमा उनले भरतपुर महानगरपालिका–७ कृष्णपुरमा आयुर्वेदिक उद्योग सुरु गरे । विस्तारै उद्योगबाट उत्पादित औषधि खपत हुन थालेपछि उद्योग विस्तार गर्न गीतानगरमा रहेको आफ्नै पैत्रिक जग्गामा टहरा निर्माण गरेर न्यौपानेले उद्योग सारे ।

नारायणगढमा वैदिक आयुर्वेद सेवा प्रालि. सञ्चालन गर्दै आएका उनले व्यवस्थापनमा स्नातकसम्मको अध्ययनका साथै काम गर्दै जाँदा आयुर्वेदतर्फ वैद्यसम्मको अध्ययन गरे । न्यौपानेले भने, 'आयुर्वेदको भविष्य छ, आम्दानी गर्नाका साथै सेवा गर्न पाइने, बिरामीलाई उपचार गरेर निको बनाउन पाइने, दुःखी मानिसको जीवनलाई सुखी बनाउन पाइने देखेर नै यसतर्फ लागेको हुँ ।'

उनले थपे, 'एक छाक खानकै लागि जे काम गरे पनि हुन्छ, तर यो व्यवसाय गर्दा अर्काको कल्याण पनि हुने देखेर यसतर्फ लागेँ ।' उत्पादन र मार्केटिङ पनि आफै गर्दै आएका न्यौपानेले उद्योग सञ्चालन गरेको १२ वर्ष बितेको छ । २० लाख रुपैयाँ हाराहारीबाट सुरु गरिएको उद्योगमा अहिले पाँच करोड रुपैयाँभन्दा बढी लगानी पुगेको छ । उनले सुरुवाती चरणमा जडीबुटी ल्याइ पाउडर बनाएर उद्योग सुरु गरेका थिए । सुरुवाती चरणमा सात वटा औषधिउत्पादन हुने न्यौपानेको उद्योगबाट अहिले ५० थरिका औषधि उत्पादन हुन्छन् । उनले भन्, 'सुरुवाती चरणमा खर्च मात्रै चल्ने गरी कारोबार हुन्थ्यो ।'

विस्तारै उत्पादन बढाउँदै लगेको बताउँदै न्यौपानेले भन्, 'सुरुमा चितवन मात्रै बजार थियो, अहिले चितवनसहित काठमाडौँ, बुटवल, ईटहरीलगायत नेपालका आधाभन्दा धेरै जिल्लामा उत्पादन पुगेको छ ।' अहिले व्यवसायबाट सन्तुष्ट हुने गरी कारोबार भइरहेको उनले बताए । उद्योगमा चाहिने ९० प्रतिशत कच्चापदार्थ (जडीबुटी) नेपालकै प्रयोग हुने न्यौपानेको भनाइ थियो । वैदिक आयुर्वेद सेवा प्रालिका काठमाडाँैं, बुटवल र ईटहरीमा शाखा छन् । ती सबै शाखामा आयुर्वेदिक चिकित्सक राखेर बिरामीको सेवा गर्दै आइएको उल्लेख गर्दै उनले जोड दिए, 'हाम्रो क्लिनिकमा आउने अधिकांश बिरामीलाई आफ्नै उत्पादनको औषधि दिन्छौँ ।' बीस जनाभन्दा बढीलाई रोजगारी दिएका उनले भने, 'कति कमाएँ भन्ने गौण विषय हो, धेरैलाई चुलोे बाल्ने सक्ने बनाउन सकेँ, त्यसैमा आनन्द लाग्छ ।' एलोपेथीको उपचार गर्दागर्दै जीवनबाटै निराश भएकासमेत आफूकहाँ आएर निको भएको उनको जिकिर थियो । नेपालका सबै ठाउँमा जुडीबुटी पाइने भएकाले आयुर्वेद उद्योगका लागि नेपाल प्रचुर सम्भावना रहेको स्थल भएकाले उनको भनाइ थियो ।

# व्यवसायबाटलाखौँको आम्दानी




**रासस**
**बाँके ।**
'अरुको काम गरेर पैसा कमाउनु र सानोतिनो भए पनि आफ्नै व्यवसायबाट पैसा कमाउनुमा धेरै फरक हुँदोरहेछ', यो भनाइ हो नेपालगञ्ज उपमहानगरपालिका–१८ कारकाँदो निवासी जेडि कलेक्सनकी सञ्चालक रिचा लुइँटेलको । सानै भए पनि आफ्नै व्यवसाय सुरु गर्नुपर्छ भन्ने सोँचले रिचाले गत वर्षको पुसदेखि सौन्दर्य सामग्रीको व्यापार सुरु गरिन् । तत्कालीन समयमा पाँच हजार रुपैयाँ लगानीमा व्यापार सुरु गर्दा एउटै सामान बिक्रीबाट दुईदेखि दुई सय ५० सम्मको फाइदा भएको उनले बताइन् । 'सुरुमा सानो पुँजीमा पाँच वटा जति गहना किनेकी थिएँ । त्यो जम्मा पाँच हजारको थियो', उनले भनिन्, 'एउटा गहनाबाट त्यतिखेर दुई सय ५० सय जतिको नाफा भएको थियो । त्यसमा पनि मैले जम्मा तीन वटा बिक्री गरेँ भने बाँकी दुई वटा साथीलाई उपहार दिएँ ।' विगत दुई वर्षदेखि निजी अस्पतालमा प्रशासनिक फाँटमा काम गर्ने उनको तलब मासिक ३५ हजार रुपैयाँ थियो । तर उनी त्यो कामबाट सन्तुष्ट भइनन् । आफ्नै लगानीमा र पहिचानमा केही गर्नुपर्छ भन्ने सोचले रिचाले घरबाटै 'आर्टिफिसियल ज्वेलरी'को व्यापार गर्न सुरु गरिन् । जुन नेपालगञ्जमा एकदमै नयाँ थियो । 'अरुको भन्दा फरक केही गर्नुपर्छ भन्ने मनमा सधैँ लागिरहन्थ्यो । त्यो फरक मैले नेपालगञ्जमा आर्टिफिसियल गहनाको व्यापार नै देखेँ', उनले भनिन्, 'यो व्यवसायको बारेमा धेरै अध्ययन गरेर मात्रै लगानी लगाउन सुरु गरेँ र आफ्नै घरबाट यस्को सुरुवात गरेँ ।'

उनले व्यवसायको विज्ञापन फेसबुक र टिकटकलगायतका सामाजिक सञ्जालमार्फत गरिरहेकी छन् । उनी टिकटकमा लाइभमार्फत सामानको विशेषता र मूल्य बताउँछिन् । रिचाका लागि टिकटक सामाजिक सञ्जालको एउटा निकै नै प्रभावकारी माध्यम बनेको छ । 'अहिले टिकटकको जमाना भएकाले मैले पनि यसैबाट व्यापारको प्रचारप्रसार गरिरहेकी छु', उनले भनिन्, 'टिकटकबाटै व्यवसायको प्रचार गर्न निकै नै सजिलो मात्रै भएको छैन, व्यापार पनि बढेको छ ।' हाल उनले मासिक १० लाख रुपैयाँको कारोबार गर्छिन् । जसबाट एक लाख ५० हजार रुपैयाँको हाराहारीमा नाफा हुने गरेको उनको भनाइ छ । 'घरबाटै व्यवसाय गरिरहेकाले भाडा तिर्नुपर्दैन, बिहानैदेखि रातिसम्म उनको घरमा सामान किन्न आउनेको घुइँचो लाग्ने गरेको उनले सुनाइन् । हिजोआज रिचालाई घरमै आएका ग्राहकलाई सामान बेच्नदेखि अनलाइन अर्डर गरेका सामान कुरियर गर्न भ्याइनभ्याइ हुने गरेको छ । महिला आर्थिक रुपमा आत्मनिर्भर हुन आवश्यक छ भन्ने मान्यता राख्नुहुने रिचालाई गत वर्ष फागुनमा महिला उद्यमी सङ्घ बाँकेको आयोजनामा सम्पन्न पाँचदिने मेलाले निकै सहयोग गरेको थियो ।व्यवसाय सुरु गरेको केही समयमै महिला उद्यमी सङ्घको व्यापार मेलाले रिचाको आर्टिफिसियल गहनाको व्यापारलाई चिनाउन सहयोग पु¥यायो । उनका अनुसार मेलामा रिचाले ६५ हजार रुपैयाँको लगानीबाट एक लाख ३० हजार रुपैयाँको आम्दानी गरेकी थिइन् । 'त्यतिबेला भर्खरै व्यापार सुरु गरेकी थिएँ । त्यो मेला मेरा लागि एउटा सुनौलो अवसर थियो', उनले भनिन्, 'मैले तत्कालीन समयमा जोखिम लिए ६५ हजार रुपैयाँ लगानी गरेकी थिएँ तर नसोचेकै फाइदा भयो । मैले एक लाख ३० हजार रुपैयाँको आम्दानी गर्न सफल भएकी थिएँ ।' दुई सन्तानकी आमा रिचाले दुई छोराको नामबाट जेडी कलेक्सनको नाम राखेकी हुन् । रिचा मागअनुसार नेपालको पूर्वी जिल्ला झापादेखि पश्चिमको महेन्द्रनगरसम्म कुरियरमार्फत सामान पठाउने गर्छिन् ।

# किम जोङ उन रुसमा



**एएफपी**
**मस्को ।**
उत्तर कोरियाली नेता किम जोङ उन सवार रेल रुसी भूमिमा प्रवेश गरेको रुसी राज्य समाचार समिति रिया नोवोस्तीले जनाएको छ ।नेता किम चढेको रेल उत्तर कोरियाबाट प्रिमोस्की क्षेत्रमा प्रवेश गरेको तस्बिर पनि रिया नावोस्तीले सार्वजनिक गरेको छ । गाढा हरियो डिब्बासहितको उत्तर कोरियाली रेललाई रुसी रेलवे पटरीमा कमा तानेको तस्बिरमा देखिन्छ । दक्षिण कोरियाली रक्षा मन्त्रालयले भने सोमबार नै नेता किमको चढेको रेल रुसी भूमिमा प्रवेश गरेको विश्वास आफूलाई भएको बताएको थियो ।रुसी सञ्चारमाध्यमका अनुसार उत्तर कोरियाली नेता किमले यसै साताको अन्त्यमा आफ्ना समकक्षी भ्लादिमिर पुटिनसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको जनाएका छन् । चार वर्षपछि उनले गरेको पहिलो विदेश विदेश भ्रमण हो ।रातभर यात्रा गरेर नेता किम भ्लादिभोस्तोक पुगेका छन् । सशस्त्र फौजका साथ उनी यात्रामा छन् । उनका साथ वरिष्ठ सैनिक अधिकारी पनि छन् । द्विपक्षीय सैन्य सम्बन्ध तथा हातहतियार आपूर्तिका सम्बन्धमा छलफल गर्न उनीहरूलाई पनि भ्रमण दलमा समावेश गरिएको बताइएको छ । राष्ट्रपति पुटिन हाल वार्षिक आर्थिक मञ्चमा भाग लिने सिलसिलामा भ्लादिभोस्तोकमा छन् । प्रतिरक्षा विश्लेषकहरूका अनुसार मस्कोले उत्तर कोरियाबाट हातहतियार र एन्टिट्याङ्क मिसाइलहरू लिएर रुसबाट उपग्रह र आणविक शक्तिबाट सचालन ह पनडुब्बी प्रविधि चाहेको छ । यद्यपि क्रेमलिनले वैश्विक एवं क्षेत्रीय मामिलामा दुई देशका नेताले वार्ता गर्ने बताएको छ । पश्चिमा प्रतिबन्धबाट पिरोलिएको प्योङयाङले मस्कोसँग खाद्यान्नलगायत अन्य मानवीय सहायताका निम्ति अनुरोध गर्ने बताइएको छ । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रुसी सञ्चारमाध्यमलाई दुई नेताले 'संवेदनशील' विषयमा छलफल गर्ने बताएका छन् । 'छिमेकीका रूपमा यो स्पष्ट छ हाम्रा देशबीच संवेदनशील क्षेत्रमा सहयोग हुन्छ जुन सार्वजनिक खुपतको विषय हुनु हुँदैन । छिमेकी देशका लागि सामान्य हो', उनले भनेका छन् ।दुवै नेताबीचको वार्तामा अमेरिकी चेतावनीको बेवास्ता हुने प्रवक्ता पेस्कोभले पत्रकारहरूलाई बताए । 'उत्तर कोरियालगायत हाम्रा छिमेकीसँग हामीले विकास गर्ने सम्बन्धसँग वासिङ्टनको चेतावनीको कुनै अर्थ छैन दुई देशको हितमा त्यो केन्द्रित हुनेछ', वासिङ्टनले युक्रेन द्वन्द्वका लागि उत्तर कोरियाले मस्कोलाई हतियार उपलब्ध गराएमा प्योङयाङले त्यसको मूल्य चुकाउनुपर्ने अमेरिकी चेतावनीबारेको जिज्ञासको जवाफमा उनले स्पष्ट गरे ।

# कम्पनी दर्ता अनलाइनबाटै

**रासस**
**काठमाडौँ ।**
कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता हुने प्राइभेट लिमिटेड तथा पब्लिक लिमिटेड कम्पनी आगामी असोज १५ गतेदेखि अनलाइन माध्यामबाट दर्ता हुनेभएका छन् । कम्पनी दर्ता तथा प्रशासनसम्बन्धी सेवालाई छिटोछरितो, विश्वसनीय तथा प्रविधिमैत्री बनाउन कम्पनी दर्तालाई अनलाइनका माध्यमबाट गर्न लागिएको कम्पनी रजिस्ट्रारको कार्यालयका उपरजिस्ट्रार शेखर बाबु कार्कीले जानकारी दिए । 'नयाँ कम्पनी अनलाइनबाट दर्ता गर्ने व्यवस्था असोज १५ गतेबाट पूर्णरुपमा लागू हँुदैछ । नवीकरण भने केही समय भौतिक रुपमा र त्यसपछि अनलाइनबाटै गर्ने तयारी गरेका छौं', उपरजिष्ट्रार कार्कीले भने । कम्पनी रजिष्ट्रारको कार्यालयले प्रयोग गरिहेको पुरानो सफ्टवेयर परिवर्तन भएको र नयाँ सफ्टवेयर ल्याएपछि तथ्याङ्क स्थानान्तरण (डाटा माइग्रेसन) का लागि केही समय लाग्ने उनको भनाइ छ । जसकारण नवीकरणका काम भने भौतिक रुपमै हुनेछन् । अनलाइनबाट दर्ता हुने कम्पनीले कम्पनीको छाप तथा कम्पनीको तर्फबाट सम्बन्धित कागजातमा हस्ताक्षर गर्न अनुमतिप्राप्त कम्पनीको अध्यक्ष, सञ्चालक वा कम्पनी सचिवको नमुना हस्ताक्षर विद्युतीय सूचना प्रणालीमा उपलब्ध गराउनुपर्नेछ । केही समयका लागि हाल प्रचलनमा रहेको भौतिक कागजात पेस गरी सेवा लिने वा विद्युतीय हस्ताक्षरमार्फत् कागजात पेस गरी डिजिटल सेवा लिने भनी विकल्प उपलब्ध गराइने कार्यालयले जनाएको छ ।विद्युतीय हस्ताक्षरमार्फत् सेवा माग गर्न इच्छुक कम्पनीले सरकारबाट विद्युतीय हस्ताक्षरको साँचो (कि) लिनुपर्नेछ । चालु आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम र बजेटले कम्पनी दर्तालगायतका काम विद्युतीय माध्यामबाट गर्ने व्यवस्था राखेको थियो । कागजरहित सरकार (पेपरलेस गभर्नेन्स)को अवधारणालाई मूर्तरुपमा दिन सरकारका सबै सङ्घीय केन्द्रीय निकायमा क्रमशः एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गर्ने पनि सरकारको योजना छ । त्यस्तै, सार्वजनिक सेवाबापत बुझाउनुपर्ने सबै दस्तुर र सेवा शुल्क 'क्यूआर कोड'लगायत विद्युतीय माध्यामबाट राजस्व खातामा जम्मा गर्न सकिने व्यवस्था मिलाइने पनि वार्षिक बजेटमा उल्लेख छ ।

# साइबेरियामा रुसी विमान अवतरण जोगियो १६५ जनाको जीवन




**एएफपी**
**मस्को ।**
दक्षिणी रुसको पर्यटकीय शहर सोचीको ब्ल्याकबाट साइबेरियाको ओम्स्कका लागि चालक दलका छ जना सदस्यसहित एक सय ६७ यात्री बोकेर उडेको रुसको एयरबस ३२० मंगलबार बिहान साइबेरियाको खेतमा आपतकालीन अवतरण गरिएको छ ।

रुसी अधिकारीहरूले नोवोसिबिस्क क्षेत्रको जङ्गल नजिक अवस्थित एक मैदानमा उरल एयरलाइन्सको एयरबस ३२०विमानलाई चालक दलका सदस्यले आकत्पालीन अवतरण गरेका जनाउँदै विमानमा रहेका सबैजना सकुशल रहेका बताएका छन् । 'सोची–ओम्स्क 'रुट'मा उडिरहेको उराल एयरलाइन्सको एयसबस ३२० विमानको आपत्कालीन अवतरण सफलतापूर्वक सम्पन्न भयो । सबै यात्रीलाई नजिकैको गाउँमा राखिएको छ ।

उनीहरूमध्ये कसैलाई पनि चिकित्सा सहायता आवश्यक परेको छैन',मस्कोको नागरिक उड्डयन निकाय रोजाभिएट्सियाले एक विज्ञप्ति निकालेर भनेको छ ।रुसको अनुसन्धान समितिले हवाई ट्राफिक सुरक्षा नियम उल्लङ्घन गरेकोमा उरल एयरलाइन्सविरुद्ध आपराधिक मुद्दा दर्ता गरेको छ । समितिका अधिकारीहरूले विमान अवतरण गरिएको स्थानको प्रारम्भिक अनुसन्धान थालिसकेका छन् ।

विमान कम्पनी उरल एयरलाइन्सले भने प्राविधिक समस्यका कारण आपत्कालीन अवतरण गरेको बताएको छ । उरल एयरलाइन्स येकातेरिनबर्ग शहरमा प्रधानकार्यालय रहेको रुसको आन्तरिक विमान सेवा कम्पनी हो । युक्रेन युद्धलाई लिएर पश्चिमा राष्ट्रले रुसमाथि लगाएका कठोर प्रतिबन्धका कारण उसको उड्डयन क्षेत्रमा ठूलो असर परेको छ । उड्डयन उद्योगलाई आवश्यक पर्ने उपकरण तथा पुराना विमान मर्मतका गर्न चाहिने नयाँ पार्टपुर्जाको अभावमा मस्कोले नागरिक उड्डयन ठूलो समस्या झेलिरहेको छ ।

# एसियन गेम्समा क्रिकेट तालिका फेरबदल




**मधेशदृष्टि**
**वीरगंज ।**
१९ औं एसियाली खेलकुदमा पुरुष क्रिकेटको खेल तालिकामा फेरबदल भएको छ । परिवर्तित तालिका अनुसार नेपाली टिमले समूह 'ए'मा रहँदै मंगोलिया र माल्दिभ्ससँग खेल्ने छ । यसअघि सार्वजनिक भएको खेल तालिका अनुसार नेपाल समूह 'बीमा थियो । समूह एमा रहेको अफगानिस्तानले एसियन गेम्स नखेल्ने भएपछि तालिकामा फेरबदल भएको हो । यसअघि नेपाल जापान, कम्बोडिया र हङकङ रहेको समूह 'बी'मा थियो । एसियन गेम्समा क्रिकेट खेलहरु टी–२० फम्र्याटमा हुनेछन् । नेपालले एसियन गेम्सका लागि रोहितकुमार पौडेलको कप्तानीमा टोली सार्वजनिक गरिसकेको छ ।

**भारतीय उद्यमीले क्रिकेटर राजवंशीलाई सहयोग गर्ने**
भारतका चर्चित उद्यमी अनुपम मित्तलले नेपाली क्रिकेटर ललित राजवंशीलाई ब्याट सहयोग गर्ने भएका छन् । सामाजिक सञ्जाल एक्समार्फत उनले राजवंशीलाई ब्याट सहयोग गर्ने घोषणा गरेका हुन् । मित्तलले मंगलबार बिहान ट्विटमा लेखेका छन्, 'कृपया उनलाई मसँग सम्पर्क गर्न भनिदिनोस्, उनलाई ब्याट सहयोग गर्न पाउँदा म खुसी हुनेछु ।'एसिया कपमा पाकिस्तान र भारतसँगको एकदिवसीय क्रिकेटपछि ललितले आफूसँग अन्तर्राष्ट्रिय म्याचका लागि गतिलो ब्याटसमेत नभएको गुनासो गरेका थिए । पिपुल्स ग्रुपका संस्थापक मित्तल भारतका चर्चित स्टार्टअप उद्यमी हुन् ।

# बाढीमा दुई हजारभन्दा बढीको मृत्यु दश हजार बेपत्ता



**एपी**
**जेनेभा ।**
पूर्वी लिबियामा आएको बाढीमा परी दुई हजारभन्दा बढीको मृत्यु भएको तथा १० हजारभन्दा बढी बेपत्ता भएका रेडक्रसका अधिकारीले बताएका छन् । रेड क्रस र रेड क्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घका लिबियाका लागि प्रतिनिधिमण्डलका प्रमुख टेमेर रमदानले उत्तर अफ्रिकी देशमा बाढी पछि १० हजार मानिस बेपत्ता भएको र मर्नेहरूको सङ्ख्या हजारौं पुग्न सक्ने बताएका छन् ।

मङ्गलबार ट्युनिसियाबाट भिडियो कन्फरेन्स मार्फत जेनेभामा संयुक्त राष्ट्र सङ्घको ब्रिफिङमा पत्रकारहरूसँग कुरा गर्दै रमदानले बाढीले बगाएर ज्यान गुमाउनेको सङ्ख्या धेरै ठूलो भएको जनाउँदै क्षतिको आकलन सकिएपछि ज्यान गुमाउनेको सङ्ख्या हजारौँ पुग्नसक्ने बताए ।

लिबियाका अधिकारीहरूले ड्यानियल आँधीका भएको मुसलधारे वर्षासँगै अचानक आएको बाढीमा परी पूर्वी शहर डेर्नामा मात्र दुई हजारभन्दा बढीको मृत्यु भएको आशङ्का गरेका छन् ।




नेपाली भूमि, भारतीय गेटः नेपाल भारत सीमाको जटही नाका । भारत सरकारको भन्सार विभागले स्वागतद्वार बनाएपछि सांसद जुली महतोले सभामुखको ध्यानाकर्षण गराएकी छिन कि भारतले नेपाली भूमिमा स्वागत गेट बनाइरहेको छ । *तस्बिरः मधेशदृष्टि*

# पत्रकार महासंघका जिल्लाहरुको प्रदेश समितिलाई चेतावनी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला शाखाको अधिकार मिचेर सदस्यहरुको नवीकरण र नयाँ सदस्यता वितरणमा मनपर्दिरुपमा निर्णय गरेको भन्दै निर्णय सच्याउन मधेश प्रदेशका सबै जिल्ला शाखाले संयुक्तरुपमा प्रदेश समितिलाई चेतावनी दिएको छ ।
मंगलबार नेपाल पत्रकार महासंघ धनुषा शाखा जनकपुरधाममा बसेको बैठकबाट जिल्ला शाखालाई कमजोर पार्ने नियतले कही कतैबाट कुनै निर्णय भएको खण्डमा मधेश प्रदेशका आठवटै जिल्ला शाखाहरु शसक्त आन्दोलनका कार्यक्रम गर्न बाध्य हुने चेताबनी दिएको हो ।



जिल्ला शाखाहरुको बैठकबाट जारी गरिएको संयुक्त प्रेश विज्ञप्तीमा नेपाल पत्रकार महासंघको सुर्खेतमा सम्पन्न साधारणसभा र लुम्बिनी भेलाबाट पारित १५ बुंदे मापदण्ड अनुसार जिल्लामा रहेको सदस्यहरुको नविकरण तथा नयाँ सदस्यताको विषय सम्वन्धित जिल्ला शाखाको अधिकार भित्र रहेकोले विद्यानतः जिल्ला शाखामा रहेको अधिकारलाई टेकेर शाखाले गरेको सदस्यहरुको नविकरण तथा नयाँ सदस्यता सिफरिसलाई बेवास्ता गर्दै जिल्ला शाखालाई कमजोर पार्ने नियतले कही कतैबाट कुनै निर्णय भएको खण्डमा आठवटै जिल्ला शाखाहरु आन्दोलनमा ओर्लिन बाध्य हुने उल्लेख गरिएको छ ।

# थप छुटपुर्जी भन्सार कार्यालयबाटै दिन माग

**रासस**
**जनकपुरधाम ।**
भारतको विहार प्रदेशबाट जनकपुरधाम प्रवेश गरिसकेका पर्यटकले आफ्नो बसाइ लम्ब्याउन चाहेमा पुनः जटही नाका गएर पुर्जी कटाउने झन्झटिलो व्यवस्था हटाउन यहाँका व्यापारी व्यवसायीहरुले माग गरेका छन् । जनकपुरधाम उद्योग वाणिज्य सङ्घ नेतृत्वको टोलीले मंगलबार भन्सार विभाग काठमाडौँमा महानिर्देशक शोभाकान्त पौडेललाई अनुरोधपत्र बुझाउँदै जनकपुरधाम बजारमै रहेको भन्सार कार्यालयबाट सो व्यवस्था गर्न माग गरेको हो ।
संघका अध्यक्ष जितेन्द्रकुमार महासेठले नेपाल प्रवेश गर्ने भारतीय पर्यटकले प्रयोग गर्ने सवारी साधनलाई जटही नाकाबाट एकदिने छुटपुर्जी दिइसकेपछि म्याद थप्न चाहेमा पुनः जटही भन्सारमै फर्किनुपर्ने समस्या समाधान गर्न विभागलाई आग्रह गरिएको जानकारी दिए ।




'धार्मिक सांस्कृतिक सहर भएकाले भारतबाट धेरै मानिसहरु जनकपुरधाम आउनुहुन्छ । त्यसरी आउने पर्यटकलाई जटही नाकामा रहेको भन्सार कार्यालयबाट एकदिने सवारी छुटपूर्जी लिनुपर्ने व्यवस्था छ । यसरी आएका पर्यटकले बसाइ लम्ब्याउन वा यतैबाट देशका अरू सहरमा जान चाहेमा पुनः करिब १४ किलोमिटर टाढा रहेको सोही कार्यालयमा फर्किनुपर्ने बाध्यता छ', महासेठले भने, 'पर्यटकहरुले बारम्बार समस्याबारे गुनासो गर्ने र झन्झट बेहोर्नुभन्दा भारत नै फर्किने सहज मान्ने गरेका छन् । यसकारण बजारमै रहेको जनकपुर भन्सार कार्यालयबाट त्यो सुविधा प्रदान गरेमा धेरै राहत हुनेछ । यही विषयको अनुरोधपत्र बुझाएका छौँ । महानिर्देशकले यस विषयमा चाँडै निर्णय गर्ने आश्वासन दिनुभएको छ ।' सङ्घका महासचिव मनोजकुमार साहले जनकपुरधाममा भन्सार कार्यालय भएकाले विभागले आवश्यक परामर्श गरी निर्देशन दिएमा समस्याको तत्काल सहज समाधान हुनेबारे ध्यानाकर्षण गराइएको बताए । उनले पर्यटकको बसाइ लम्ब्याउन र जनकपुरधाम आएकाहरुलाई देशका अरू भूभागमा जान चाहेमा राज्यका निकायले स्वागत तथा सहजीकरण गर्नुपर्ने भन्दै छुटपुर्जीका लागि जनकपुर भन्सार कार्यालयबाट आवश्यक कार्य अगाडि बढाउन आग्रह गरे ।
अध्यक्ष महासेठ र महासचिव साहद्वारा हस्ताक्षरित अनुरोध पत्रमा भनिएको छ, 'धार्मिक, सांस्कृतिक, आर्थिक तथा मधेस प्रदेशको राजधानी जनकपुरधाममा प्रवेश गरिसकेपछि अन्य सहरमा जान वा दुईचार दिन जनकपुरधाममा बस्ने इच्छा जागृत भयो भने पुनः जटही नाकाको भन्सार कार्यालयमा गई विदेशी सवारी साधनको शुल्क तिरी पुर्जी कटाउने व्यवस्था रहेको हुँदा सो व्यवस्था परिमार्जन गरी जनकपुर भन्सार कार्यालयमा भन्सार काट्ने व्यवस्था अविलम्ब मिलाइदिनहुन अनुरोध गर्दछौँ ।'

# मालपोतमा कर्मचारी समस्या
# सेवाग्राही आए पनि रित्तै हात फर्किनुपर्ने बाध्यता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको अत्यधिक भिडभाड हुने कार्यालयहरुमा भुमिसुधार तथा मालपोत कार्यालय पनि एक हो । तर यस कार्यालयमा कर्मचारीहरु नहुँदा सेवाग्राहीलाई निकै सास्ती खेप्नु परिरहेको छ ।
मधेश प्रदेशको राजधानी स्थित भुमिसुधार तथा मालपोत कार्यालय धनुषामा दिनहुँ सेवाग्राहीको विहानै देखि बेलुकीसम्म भिड लाग्ने गरेको हुन्छ । तर कामका लागि आएका सेवाग्राहीहरु बाध्य भएर निरस हुँदै रित्तै हात फर्किने गरेका छन् ।
दैनिक जसो करिब दुई दर्जन भन्दा बढी सेवाग्रहीहरु अदालतको फैसालाद्वारा गरिने दाखा, मिलापत्र, संशोधन, हकसफालगायतका कामहरु लिएर आउने गरेका छन् । तर कार्यालयमा कर्मचारी नहुँदा र भएका कर्मचारीले समेत बेवास्ता गर्दा एउटै कामका लागि महिनौं धाउनु परेको सेवाग्रहीहरु बताउँछन् ।



सेवाग्राही नितिश राज यादबले करिब एक सातादेखि जग्गाको लालपुर्जा लिनको लागि आएपनि दिनभर कुराउने र आजभोली भनेर सधैं कुदाउने गरेको दुखेसो पोखे ।
भुमिसुधार तथा मालपोत कार्यालय धनुषाको मुद्दा शाखामा दुई जना कर्मचारी छन् ।
मुद्दा शाखामा विशेषज्ञ कर्मचारी नहुँदा कामको चाप दिनानुदिन बढि नै रहेको छ । यस कार्यालयमा काम चलाउ कर्मचारी मात्र भएकाले काममा ढिलाई हुने गरेको र मुद्दा शाखाको मात्र गुनासो आएको निमित्त कार्यालय प्रमुख सिंह बहादुर स्याङ्गाबाको भनाइ छ ।
भुमिसुधार तथा मालपोत कार्यालय धनुषाका निमित्त कार्यालय प्रमुख सिंह बहादुर स्याङ्गाबाले अधिकांश गुनासाहरु मुद्दा फाँटको आउने गरेको छ । निमित्त कार्यालय प्रमुख सिंहले भने' मुद्दा फाँट हेर्ने दुई जना मध्ये बबलु कापर म आएदेखि नै अधिकांश समय विदामा रहेको देखियो, त्यसपछि सम्बन्धित फाँटका लागि विशेषज्ञसमेत आवश्यक हुन्छ, त्योपनि नभएर गुनासाहरु आउने गरेको छ ।'यस कार्यालयको अधिकांश फाँटमा समयमा कर्मचारी नआउँदा र आएका कर्मचारीहरुलेसमेत समयमा सेवाग्रहीहरुको काम नगरिदिँदा व्यापक गुनासोहरु आउने गरेका छन् ।
एकै पटक कार्यालयको फाँट नै खाली भएपछि सेवाग्राहीहरुसमेत मार्का परेको स्वीकार गर्दै निमित्त प्रमुख स्याङ्गाबाले विशेषज्ञ कर्मचारीका लागि केन्द्रमा पत्राचार गरेको बताए ।

# स्वच्छता अभियानीहरुको जन्मदिनमा रक्तदान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा पहिलो पटक स्वच्छता अभियन्ताहरुले रक्तदान गरेर जन्मदिन मनाएका छन् ।
स्वच्छता अभियन्ताहरु बजरंग यादव,किसन साह ,दिपक साह र प्युस राजको जन्म दिनको अवसरमा जनकपुरधामको जनक चौकमा बृहत रक्तदान कार्यक्रमको आयोजन गरिएको छ । जनकपुरधाम स्वच्छता अभियान गंगासागर को आयोजन र नेपाल रेडक्रस सोसाइटी धनुषाको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा युवाहरूले उल्लेखनीय संख्यामा रक्तदान गरेको कुरा स्वच्छता अभियन्ता एन्टी प्लास्टिक मैन कृष्ण चन्द्र साहले जानकारी दिएका छन् । जनकपुरधाम



स्वच्छता अभियानका प्रणेता प्रदेश सांसद रामअशिष यादव, जनकपुरधाम स्वर्गद्वारी निर्माता समाजसेवी पवन सिंघानिया, पुर्व नगरप्रमुख बजरंग साह,नेपाल रेडक्रस सोसाइटी धनुषाका अध्यक्ष नरेश प्रसाद सिंह ,सेभ हिस्टोरिकल जनकपुरधामका अध्यक्ष अधिवक्ता राजकुमार महासेठ, कोषाध्यक्ष युवा समाजसेवी रविकुमार गोयन्का, नेपाल विधुत प्राधिकरण कर्मचारी संघका केन्द्रीय उपाध्यक्ष जगदीश साह, धनुषा वनस्पति अनुसन्धान केन्द्र का प्रमुख ताहिर हुसेन ,स्वच्छता अभियान हरु हरिकान्त मिश्र , डा निरन्जन कमार गोईत, डा लक्ष्मी गोईत, ई सत्यदेव यादव, नागेन्द्र साह,बैधनाथ सिंह,मनोज राय, डा शंकर प्रसाद साह ,युवा अभियन्ता रौकी प्रसाद साह सहितको विशेष उपस्थितिमा रक्तदान जीवन दान कार्यक्रम सम्पन्न भएको थियो ।

# सुनसहित तीनजना पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ९६० ग्राम सुनसहित तीन जना पक्राउ परेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौँले ९ सय ६० ग्राम सुनसहित तीन जनालाई पक्राउ गरेको हो ।
सोमबार दुबईबाट आएको हिमालयन एयरको जहाजमा रहेका यात्रुबाट उक्त सुन बरामद भएको हो। एक जनालाई सोमबार पक्राउ गरिएको थियो । अरू दुई जनालाई मंगलबार पक्राउ गरिएको प्रहरी स्रोतले बतायो । सुन विमानस्थलको पार्किङबाट बरामद भएको हो। परिसरले यसमा संलग्न व्यक्तिहरूमाथि अनुसन्धान अघि बढाएको छ ।

# दुर्घटनामा युवकको मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम ढल्केवर सडकखण्डमा स्कुटीले ठक्कर दिँदा एक युवकको मृत्यु भएको छ ।
पूर्वपश्चिम राजमार्गको धनुषाको ढल्केवरमा रोयल सम्राट होटल नजिक गाडीको ठक्करबाट एक साइकल यात्रीको ज्यान गएको हो । सोमबार १० बजेतिर साइकलमा सवार युवकलाई स्कुटीले ठक्कर दिएको थियो ।
ठक्करबाट गम्भीर घाइते भएका युवकको उपचारको क्रममा जनकपुर प्रादेशिक अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।
मृतक मिथिला नगरपालिका २ नक्टाझिजका जितेन्द्र नामको युवक रहेको छ । यता स्कुटी चालकको पनि खुट्टा भाँचिएको बताइएको छ ।

# बालुवा उत्खनन् गर्ने ट्याक्टर नियन्त्रणमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अवैध बालुवा उत्खनन् गर्ने दैनिकजसो धनुषामा टयाक्टर नियन्त्रणमा लिदा समेत बालुवा उत्खनन्को कार्यमा अलिकती पनि कमी भएको छैन । धनुषा प्रहरीले मंगलबार पुनः अवैध बालुवा उत्खनन् गर्ने एकवटा टयाक्टर नियन्त्रणमा लिएको छ । मंगलबार साढे चारबजेको समयमा इलाका प्रहरी कार्यालय ढल्केवरबाट खटेको



टोलीले मिथिला नगरपालिका वडा नं ५ औरही खोलमा अवैध उत्खनन् गरिरहेको अवस्थामा ज १ त २९६१ नम्बरको टयाक्टर नियन्त्रणमा लिन सफल भएको छ ।
नियन्त्रणमा लिइएको टयाक्टरलाई इलाका प्रहरी कार्यालय ढल्केवरमा ल्याएर थप अनुसन्धानको कार्य भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

# रामजानकीको विवाह मण्डप बन्दै

**रासस**
**धनुषा ।**
भगवान् रामजानकीको विवाह भएको वास्तविक विवाह मण्डप जनकपुरधाम उपमहानगरपालिका– १३ मनिमण्डपमा निर्माण थालिएको छ । तेत्रा युगमा अयोध्याका राजकुमार राम र मिथिलाकी राजकुमारी जानकीबीच भएको विवाह यसै मनिमण्डपमा भएको धार्मिक विश्वास छ । पछि जानकी मन्दिर छेउमै विवाह मण्डप बनाइएपछि ओझेलमा परेको यो विवाहमण्डप भव्य नयाँ स्वरूपमा बनाइँदै छ ।
मनिमण्डपको उत्तरतर्फ आकर्षक कलाकृतिसहितका भवन बन्दैछन् । चारैतिर पर्खालले घेरिएको जग्गामा रामायणकालको झल्को दिने गरी विवाह मण्डप बनाउन लागिएको छ । अहिले मण्डपमा रामजानकीको विवाहमा भएजस्तै सम्पूर्ण सामग्रीको व्यवस्था गर्न लागिएको छ । सहरी विकास मन्त्रालयको सहरी विकास तथा भवन विभागको सङ्घीय आयोजना कार्यान्वयन इकाईले कूल १८ करोड १५ लाख २२ हजार नौ सय ७३ रुपैयाँमा निर्माण गर्न लागेको मण्डपको ठेक्का रविना कन्ट्रक्शनले अगामी मङ्सिर २२ गतेसम्म निर्माण सम्पन्न गर्ने गरी पाएको थियो ।
मण्डपको हालसम्म करिब ७५ प्रतिशत वित्तीय र ८० प्रतिशत भौतिक प्रगति भइरहेको कार्यालयका सूचना अधिकृत इञ्जिनीयर लक्ष्मण यादवले बताए । हालसम्म १३ करोड ३५ लाख ३६ हजार छ सय रुपैयाँ खर्च भइसकेको मण्डप आसपास पौराणिकपन झल्किने गरी राजा जनकको दुई तले दरबार, २५ वटा विश्राम कक्ष, दुई वटा डायनिङ कक्ष, बरबधुको विश्रामका लागि एक धर्मशाला, एकवटा स्वयम्बर मण्डपसहित दुई वटा मण्डप र २१ वटा



शैचालयलगायत संरचना निर्माण गरिने इञ्जिनियर यादवले बताए ।
विवाह मण्डपलाई पर्यटनको केन्द्र बनाउन र जनकपुरधामलाई पवित्र र धार्मिक वैवाहिक गन्तव्यका रूपमा विकास गराउन लागिएको वडा नम्बर १३ का वडाध्यक्ष जतबहादुर राउतले बताए ।
विभागबाट खटेका विशेषज्ञले डिजाइन गरेको विवाह मण्डपमा गुठी संस्थानले भौतिक संरचना निर्माणका लागि साढे चार बिघा जग्गा उपलब्ध गराएको थियो । 'डबल हाइट पब्लिक कोर्ट रूम' पनि बन्दैछ । जसमा ३० जना अटाउने छन् । मण्डप छेउमा प्रसाद र शृङ्गारका सामान बेच्न व्यापारिक भवन पनि बनाइएको छ ।
जानकी मन्दिरकै शैलीमा यी भवनको डोम र गुर्जा बनाउने सम्झौता रहेको र त्यसअनुसार काम गर्न भारतको राजस्थानबाट बुट्टा बनाउने मिस्त्री ल्याउनु परेको, कोरोना सङ्क्रमणका बेला छ वटा गुर्जा बनाउन नौ महिना लागेकामा हाल धमाधम काम भइरहेको इञ्जिनीयर यादवले बताए ।
प्लास्टर, पुटिङ, बुट्टा, फिनिसिङलगायत काम हुँदैछ । मार्बल लगाइँदै छ । फर्निचर, विद्युत् र पेन्टिङको काम भने बाँकी छ । अहिले सुविधा सम्पन्न र आकर्षक यी संरचना देखेर यहाँका बासिन्दा दङ्ग छन् । आयोजना सम्पन्न हुनै लाग्दा अव देश विदेशबाट तीर्थालु आउने र व्यापार–व्यवसाय बढ्ने भएपछि बल्ल विकासको आशा पलाएको स्थानीयवासी विनोद साहले बताए ।
जनकपुरधामको मुख्य बजारदेखि करिब तीन किलोमिटरको टाढा रहेको यो स्थानलाई राज्य र जनकपुरधामकै बजार क्षेत्रका साधुसन्तले अहिलेसम्म ओझेलमा पार्ने काम गरेको विवाह मणिमण्डप विकास समितिका अध्यक्ष नरायण राउतले गुनासो गरे । विवाह मण्डप निर्माण भएपछि नेपाल र भारतका साथै अन्य मुलुकबाट पनि दर्शनको लागि यात्रु आउने उनको भनाइ थियो ।

# सहकारीका अध्यक्ष गितेन्द्रबाबु पक्राउ

## अन्य सहकारी पनि जोखिममा

जिबी समूहअन्तर्गत पोखराको सूर्य दर्शनसँगै काठमाडौंको स्वर्णलक्ष्मी सहकारी, बुटवलमा सुप्रीम सहकारी, वीरगंजमा सानो पाइला, चितवनमा सहारा, काठमाडौँमै हाम्रो नयाँ कृषि सहकारी, नेपालगञ्जमा समानता, काठमाडौँमै लालीगुराँस र ललितपुरमा कल्याण उपकार सहकारी छन् ।
सानो पाइला सहकारीलाई समस्याग्रस्त घोषणा गर्न वीरगंज महानगरपालिकाले प्रक्रिया पनि अगाडि बढाएको छ ।
महानगरले वर्तमान, पूर्व सञ्चालक समितिका सदस्य, लेखा सुपरिवेक्षण समितिका सदस्य र व्यवस्थापकको चल अचल सम्पत्ति रोका गर्न नेपाल राष्ट्र बैङ्कलाई पत्राचारसमेत गरेको छ । त्यस्तै, उनीहरूविरुद्ध छानबिन गर्न केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) लाई समेत पत्राचार गरिएको छ ।
सानो पाइलाको वीरगंजस्थित कार्यालय पनि लामो समयदेखि बन्द छ । व्यवस्थापनको जिम्मा पाएका व्यक्ति पनि सम्पर्कविहीन छन् । बचतकर्ता दिनहुँ सहकारी कार्यालय पुगे पनि निराश भएर फर्कने गरेका छन् ।
स्रोतका अनुसार, सानो पाइलाले पनि झन्डै एक हजार बचतकर्ताको एक अर्ब भन्दा बढी रकम फिर्ता गरेको छैन ।



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेडका संस्थापक अध्यक्ष गितेन्द्रबाबु राई (जिबी राई) पक्राउ परेका छन् ।
पोखरास्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडमार्फत झन्डै एक हजार बचतकर्ताको अर्बौं रकम हिनामिना गरेको आरोपमा राई पक्राउ परेका हुन् । उनी त्यो सहकारीसँग पनि आबद्ध छन् । उनलाई सोमबार दिउँसो काठमाडौँस्थित उपत्यका अपराध अनुसन्धान महाशाखा मिनभवनले नियन्त्रणमा लिएको हो । राई ग्यालेक्सी फोरके टेलिभिजनका सञ्चालक पनि हुन् । उनी वीरगंजको सानो पाइला सहकारीसहित देशभर विभिन्न सहरमा रहेका झन्डै एक दर्जन सहकारीमा पनि आबद्ध छन् ।
आइतबार मात्रै जिल्ला प्रहरी कार्यालय कास्कीले जिल्ला अदालत कास्कीबाट राईविरुद्ध पक्राउ अनुमति लिएको थियो । उनले सूर्य दर्शन सहकारीमार्फत हजारौँ बचतकर्ताको रकम फिर्ता नगरेको आरोप छ । जिल्ला प्रहरी कार्यालय कास्कीमा उनीसहित सहकारीका अन्य सातजना पदाधिकारीविरुद्ध ९ सय ७१ बचतकर्ताले जाहेरी दिएको कास्की प्रहरीका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए ।
कास्की प्रहरीले साउन ३२ गते सूर्यदर्शन सहकारीका पदाधिकारीविरुद्ध भदौ १५ गतेभित्र जाहेरी दिन सार्वजनिक सूचना जारी गरेको थियो । सोही सूचनाको आधारमा ९ सय ७१ जना बचतकर्ताले आफ्नो एक अर्ब ८ करोड ११ लाख ८६ हजार ८ सय ३९ रुपैयाँ फिर्ता नपाएको भन्दै जाहेरी दिएको डिएसपी विकको भनाई छ ।
बचतकर्ताहरूका अनुसार महिनौँदेखि धाउँदा पनि राई र सहकारीका अन्य पदाधिकारीले निक्षेप रकम फिर्ता गर्न आनाकानी गरिरहेका थिए ।

# दैनिक सहकारीविरुद्ध प्रशासनमा उजुरी

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित दैनिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडविरुद्ध निक्षेपकर्ताले प्रशासनमा उजुरी दिएका छन् । सहकारीमा जम्मा गरेको निक्षेप फिर्ता गर्न सञ्चालकले आनाकानी गरेपछि बचतकर्ताको एउटा समूहले जिल्ला प्रशासन कार्यालय पर्सामा उजुरी दिएको हो ।
पर्साका सहायक प्रमुख जिल्ला अधिकारी (सहायक सिडिओ) शिव प्रसाद लम्साललाई दिइएको उजुरीमा उनीहरूले सहकारीका सञ्चालक रुपेश पटेललाई उपस्थित गराएर बचतको रकम फिर्ता गराउन सहयोग गर्न आग्रह गरेका छन् । बचतकर्ताहरूको उजुरीका आधारमा लम्सालले सञ्चालक पटेललाई उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई सोमबार नै पत्राचार गरेका छन् ।
सहकारी सञ्चालक पटेलले महिनौँदेखि पैसा फिर्ता नगरेको बचतकर्ताको गुनासो छ । उनीहरूका अनुसार सहकारीले झन्डै एक सय निक्षेपकर्ताको डेढ करोड रुपैयाँ भन्दा बढी रकम फिर्ता गरेको छैन । 'दैनिक बचतबाट मलाई डेढ लाख रुपैयाँ फिर्ता लिनुपर्ने छ,' बचतकर्ता उमेश बरनवालले भने, 'पछिल्लो ६ महिनादेखि सहकारीको कार्यालय धाइरहेको छु तर सञ्चालकहरूले रकम फिर्ता गरेका छैनन् ।'
बरनवालका अनुसार पछिल्लो दुई महिनादेखि वीरगंज–६ सर्राफ मार्केटमा रहेको सहकारीको कार्यालय पनि बन्द छ । 'सञ्चालक रुपेश पटेललाई फोन गर्दा उनले उठाउँदैनन् । फोन उठाए पनि मसँग जुन बेला पैसा हुन्छ फिर्ता गर्छु, तपाईंलाई जे गर्नु छ गर्नुस् भनेर उल्टै धम्की दिने गरेका छन्,' बरनवालले थपे, 'बाध्य भएर हामीले उजुरी दिएका हौँ ।'
बरनवाल जस्तै सहकारीमा बचतकर्ताहरुको ५० हजारदेखि २० लाख रुपैयाँसम्म जम्मा छ । प्रहरीले सहकारीबाट पैसा फिर्ता निकाल्न सहयोग गर्ने बचतकर्ताको विश्वास छ । दैनिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको केन्द्रीय कार्यालय ललितपुर महानगरपालिकास्थित कुमारी पाटीमा छ ।

# भाइरलका बिरामी बढे ख्याल राख्न सुझाव



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका अस्पताल तथा निजी क्लिनिकमा भाइरल ज्वरोका बिरामी पुग्ने संख्या अत्यधिक बढेको छ ।
खासगरी एक हप्ता यता यो संख्यामा क्रमिकरुपमा बढोत्तरी हुँदै गएको वरिष्ठ फिजिसिएन डा. निरज कुमार सिंहले बताए ।
खासगरी मौसम परिवर्तन, अभ्यस्त कार्यशैलीका कारण स्वास्थ्यमा यथोचित ध्यान नहुनु र सरसफाइ व्यवस्थित गर्न नसक्दासमेत भाइरल ज्वरोबाट पीडित हुनेको संख्या बढेको चिकित्सकको भनाई छ ।
यसैबीच यस्ता ज्वरो आए आफूखुसी औषधी सेवन नगर्नसमेत उनीहरुले सल्लाह दिएका छन् । चिकित्सकको आवश्यक परामर्श र जरुरी ल्याब टेष्ट गरेर मात्र उचित औषधी सेवन गर्न उपयुक्त हुने उनीहरुको सुझाव छ ।
अर्कातर्फ प्रशस्त झोलिलो पदार्थ पिउन, आफू वरिपरि सफा सुगर राख्न, राति सुत्दा झुल प्रयोग गर्न, बढी दौडधुप नगर्नसमेत चिकित्सकले सर्वसाधारणलाई अपिल गरेका छन् ।
साथै आफ्नो स्वास्थ्य अवस्थाका विभिन्न पक्षबारे जानकारी प्राप्त गर्न बेलाबेला आवश्यक परीक्षण गर्नसमेत उनीहरुले सुझाव दिएका छन् ।

## डेंगु बढेपछि लार्भा नष्ट अभियान

**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो केही दिनयता वीरगंज र आसपासका क्षेत्रमा डेंगुको बिरामी देखा पर्न थालेका छन् । डेंगुलाई प्रकोपका रुपमा फैलिन नदिन वीरगंज महानगरले लार्भा खोजेर नस्ट गर्ने अभियान सुरु गरेको छ । महानगरको स्वास्थ्य, सरसफाइ शाखा र नगर प्रहरीसमेतको टोलीले मंगलबार बिहानदेखि वीरगंजको मेन रोड र बाइपास रोडमा रहेका पुराना टायरभित्र रहेको पानीमा लार्भा नस्ट गरिएको सरसफाइ प्रमुख सरफुद्दिन मियाँले जानकारी दिए । टोलीले विभिन्न अस्पताल पुगेर त्यहाँ उपचारत डेंगुका बिरामीबारे जानकारीसमेत लिएको थियो । यस्तै, गमला र छतमा रहेको पानीलाई सफा राख्न निर्देशनसमेत दिइएको छ । डेंगुबाट बच्ने र यसलाई बढ्न नदिन विभिन्न उपाय अपनाइएको छ । डेंगु नियन्त्रणका लागि सम्बन्धित संस्था तथा सरोकारवालासित सहकार्यसमेत गरिएको छ ।

# क्याम्पसलाई विद्यार्थीको घडी



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका संस्थापक विपी कोइरालाको १ सय १० औँ जन्मजयन्तीको अवसरमा नेपाल विद्यार्थी संघ पर्साले ठाकुरराम बहुमुखी क्याम्पसमा २० थान भित्ते घडी प्रदान गरेको छ ।
वरिष्ठ चिकित्सक डा. नीरज सिंहको सहयोगमा नेविसंघ पर्साले क्याम्पसका विभिन्न शाखा र कक्षाकोठामा राख्न २० थान भित्ते घडी प्रदान गरेको हो । मंगलबार नै नेविसंघ पर्साले १ सय १० औँ विपी जन्मजयन्तीको अवसरमा अन्तरकृया गरेको छ । नेविसंघ पर्साका सभापति रमेश यादवको अध्ध्यक्षता तथा नेपाली कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मीको प्रमुख आतिथ्यतामा भएको अन्तरकृयामा सहभागीहरुले नेपालको राजनीतिमा विपी कोइरालाले दिएको योगदान र उनको विचार तथा सिद्धान्तबारे चर्चा गरेका थिए । कार्यक्रममा कांग्रेस पर्साका नेताहरुको उल्लेख्य उपस्थिति थियो ।

# निजगढमा एभोकाडो रोप्ने अभियान



**मधेशदृष्टि**
**बारा ।**
निजगढ नगरपालिकालाई एभोकाडो नगरका रुपमा चिनाउन २ हजार ८ सय ९० घरधुरीलाई बिरुवा प्रदान गरी रोप्ने अभियान थालनी भएको छ ।
नेकपा माओवादी केन्द्रका युवा नेता तथा सामाजिक अभियन्ता रविराज दंगालले नगरभित्रका ५ हजार ७ सय ८० बिरुवा अभियान अन्तर्गत रोप्ने कार्य गरेका हुन् ।
भदौ २ गते सुरुवात गरिएको एभोकाडोको बिरुवा निजगढ नगरपालिका वडा नम्बर ५ स्थित सार्वजनिक विद्यालयबाट रोप्ने अभियान सुरु गरेको बताउँदै अबको ३ वर्षमा नगरलाई एभोकाडो नगरको रुपमा परिचित गराउने नेता दंगालले बताए ।
निजगढ नगरपालिकाभित्र १२ हजार घरधुरी रहेकामा सार्वजनिक ठाउँमा समेत २५ हजार बिरुवा रोप्ने लक्ष्यअनुसार काम अगाडि बढाइएको नेता दंगालले जानकारी दिए ।
निजगढको वातावरण हराभरा एवम् स्वच्छ राख्न एक घर २ बिरुवा निःशुल्क रुपमा प्रदान गर्दै आएको बताउँदै एक बिरुवाबाट ३० हजार देखि ४५ हजार रुपैयाँसम्म आम्दानी गर्न सकिने दंगालले बताए ।






# विकको निधन



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एकीकृत समाजवादीका केन्द्रीय सल्लाहकार परिषद् सदस्य शंकर विश्वकर्माको निधन भएको छ । नेकपा एकीकृत समाजवादी रौतहट काठमाडौं सम्पर्क मञ्चका पूर्वअध्यक्ष समेत रहेका ५९ वर्षीय विश्वकर्माको उपचारक्रममा अल्का अस्पताल जाउलाखेलमा मंगलबार निधन भएको हो । यसैबीच, विश्वकर्माप्रति श्रद्धाञ्जलीका लागि नेकपा एकीकृत समाजवादीको केन्द्रीय कार्यालय आलोकनगरमा राखिएको थियो । अध्यक्ष माधव नेपाललगायतका नेताले पार्टी कार्यालयमा विश्वकर्माप्रति श्रद्धाञ्जली अर्पण गरे । अध्यक्ष नेपालले विकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक विज्ञप्ति पनि जारी गरेका छन् ।

# सकियो तीनदिने प्रवचन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्वामी सच्चिदानन्द जी महाराजको तीनदिने आध्यात्मिक प्रवचन सोमबार राति सम्पन्न भएको छ । तीन दिने प्रवचनमा स्वामीले सनातन धर्मको संरक्षण, परिवारप्रति महिलाको दायित्व, बालबालिकाको नैतिक शिक्षा, धर्म परिवर्तन रोक्न, लव जिहाद, जातिवाद, छुवाछुत लगायत अन्य विषयमा चर्चा गरेका थिए ।
उनले वेद, उपनिषद, रामायण, महाभारतल गायत हिन्दू धर्मका बारेमा श्रोताहरूले सोधेका प्रश्नको जवाफ पनि दिए । जनकपुरधाम बाट आश्रम फर्कनुअघि उनले मंगलवार संचारकर्मीहरु संग साक्षात्कार भएका थिए ।





भारत र नेपाल दुई राष्ट्र छ, राजनीतिक सिमाना फरक छ तर भावनात्मक सिमा एउटै छ, भाषा, रीतिरिवाज, खाना र पहिरन सबै उस्तै छन्,उनले भने,'यहाँको भाषा, मैथिली, मधुर छ, यो माता सीताको भूमि हो,सीताको पतिव्रताको चर्चा भारतमा उदाहरणीय छ,जनकपुरधामका कण–कणमा सियारामको उपस्थिति रहेको छ ।'
विदाई का समय मा मनरा सिस्वा नगरपालिकाका नगर प्रमुख मोहन पाण्डे, उहाँकी धर्मपत्नी, महावीर युवा कमिटी का पूर्व अध्यक्ष प्रमोदकुमार चौधरी, राम युवा कमिटिका अध्यक्ष परमेश्वर साह , योग गुरु मनोहर साह, विश्व हिन्दू परिषद धनुषाका अध्यक्ष सन्तोष कुमार साह, धर्म यात्रा नेपालका अध्यक्ष वीरेन्द्र कुमार साह, जसपानेता रामचन्द्र पञ्जियार लगायतको उपस्थिति रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन